# शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा सम्पादित कार्यहरुको सामाजिक परीक्षण प्रतिवेदन

"Green Sharada , Clean Sharada"

**प्रतिवेदन पेश गर्ने निकाय**

**उज्यालो संञ्चार केन्द्र शारदा नगरपालिका २ खलंगा सल्यान**

प्रारम्भिक प्रतिवेदन पेश मितिः २०८२/०३/०३
अन्तिम प्रतिवेदन पेश मिति:२०८२।०३।११

**सामाजिक परीक्षण गर्ने:**
डिल्लीराज रावत,ग्रामीण विकास तथा सञ्चार सहजिकरण प्रशिक्षक
दिपेन्द्र कुमार शाही, सामाजिक जवाफदेहिता औजार प्रशिक्षक

# शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन

**भूमिका**

स्थानीय तहमा सुशासन, पारदर्शिता र समावेशीतालाई उच्च प्राथमिकता दिई हरेक बर्षनगरपालिकाले सम्पादन गरेका कार्यहरुको विज्ञहरुको समूहद्वारा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने पद्धति नै सामाजिक परीक्षण हो । त्यसैले शारदा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा सामाजिक जवाफदेहिताको औजार अन्तर्गत सामाजिक परीक्षण यस उज्यालो संञ्चार केन्द्र संस्था मार्फत गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्य सम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गर्नु पर्ने व्यवस्था रहेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उप दफा ५ मा सार्वजनिक जवाफदेहीता प्रबद्धर्नका लागि सार्वजनिक सनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा ल्याउने प्रतिवद्धता समेत भएकाले नगरपालिकाले सामाजिक परीक्षण गर्नुपर्ने भएको हो । यो परीक्षणमा शारदा नगरपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालन भएका सामाजिक विकास सम्बद्ध सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । २०८२ साल जेष्ठ महिना सम्ममा परीक्षण कार्य सम्पन्न भई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो प्रतिवेदनमा सूचकगत विवरणहरु समावेश गरिएको छ ।

शारदा नगरपालिका कार्यपालिकामा गत आर्थिक बर्षमा भएका कार्यहरुको परीक्षण प्रतिवेदनको प्रारम्भिक खाका तयार गरी सामाजिक जवाफदेहिता औजार सम्बन्धी जानकार तथा तालिम प्राप्त सहजकर्ता मार्फत उक्त प्रतिवेदन नगरपालिका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका कार्यपालिका पदाधिकारीहरु, शाखा प्रमुख तथा वडा सचिवहरुको सहभागितामा मिति २०८२ फागुन पहिलो हप्ता देखि कार्य थालनी गरेर २०८२ असार ३ गते प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यो प्रतिवेदनमाउल्लेखित सुझावहरु सम्बद्ध पक्षहरुसँग सहकार्य र समन्वय भई क्रमशः कार्यान्वयन हुनेमा विश्वास लिइएको छ ।

यो सामाजिक परीक्षण गर्न जिम्मेवारी दिनुहुने शारदा नगरपालिका सल्यानका नगर प्रमुख प्रकाश भण्डारी, उप प्रमुख सुस्मिता सापकोटा सुनार, प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा एवम् वडाध्यक्षहरु लगायत सम्पूर्ण कार्यपालिकालाई विशेष धन्यवाद दिन चाहन्छौँ । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण समन्वय र सहयोग गर्नुहुने वडा अध्यक्षहरु, विषयगत शाखा प्रमुखहरु, वडासचिवहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु, सरोकारवाला नागरिक लगायत समूह छलफलमा सहभागिहरुलाई धन्यवाद दिन चाहन्छौं । यसैगरी अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने नगरपालिका, वडा कार्यालय रस्वास्थ्य संस्थाका कर्मचारी एवम् सवै महानुभावहरु लगायत सामाजिक परीक्षण प्रतिवेदन उपर राय सुझाव दिनुहुने सवै महानुभावहरु प्रति आभार सहित धन्यवाद व्यक्त गर्दछौं ।

## शारदा नगपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन २०८१

विषयसूची


| क्र.सं | विषय | पेज नं |
|---|---|---|
| १ | सामजिक परीक्षणको परिचय | ४ |
| २ | सामाजिक परीक्षणका कानुनी तथा नीतिगत आधारहरू | ४-५ |
| ३ | सामाजिक परीक्षणको उद्देश्य | ५ |
| ४ | सामाजिक परीक्षणको महत्व | ५ |
| ५ | सामाजिक परीक्षण विधि  तथा चरणहरू | ५-६ |
| ६ | सामाजिक परीक्षणको सीमा | ६ |
| ७ | सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम विवरण | ६ |
| ८ | सामाजिक परीक्षण प्रतिवेदन तयारी | ६ |
| ९ | नगरपालिकाको परिचय | ७ |
| १० | नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्धश्यहरू | ७-८ |
| ११ | नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट आयव्ययको संक्षिप्त विवरण | ९ |
| १२ | मुख्य मुख्य उपलब्धिहरू | ९ |
| १३ | बिषयगत शाखाहरूको सामाजिक परीक्षण विवरण | १० -१३ |
| १४ | वडा कार्यालयहरूको सामाजिक परीक्षण विवरण | १४ -२२ |
| १५ | स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण विवरण | २२-२७ |
| १६ | शारदा नगरपालिका सल्यानबाट सम्पन्न गरिएको नविनतम कार्यहरू | २८ |
| १७ | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | २९-३४ |
| १८ | सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा सुधार गर्नु पर्ने पक्षहरू र सन्दर्भ सामाग्री | ३४-३६ |

## १.सामाजिक परीक्षणको परिचय

स्थानीय सरकार तथा निकायको सामाजिक जिम्मेवारी, सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न र त्यसलाई पालनगर्न, भएका प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई सामाजिक परीक्षण भनिन्छ। स्थानीय सरकारका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहमा आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मुल्यांकन कार्य सामाजिक परीक्षण हो । सरकारले बनाएको नीति, ऐन, कानुनको कार्यान्वयनले समाजमा पारेको प्रभाव समेतको विश्लेषण हुने गरी नागरिकको सहभागितामा गरिने परीक्षण हो । जहाँ सरकारले गरेको हरेक कामहरु सरकारको लागि होईन नागरिकको लागि हुन्छ । त्यसैगरी परियोजना, नीति वा कानुन कार्यान्वयनमा सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने कार्य सामाजिक परीक्षणबाट गरिन्छ ।

शारदा नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ मा सामाजिक दायित्व प्रभावकारी रुपमा पुरा गरे नगरेको सम्बन्धमा सामाजिक परीक्षण गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उप दफा ५ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्यसम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी भई विगत देखिनै साविकमा स्थानीय निकायहरुले सामाजिक परीक्षण गर्ने प्रचलन रहेको थियो । यसैगरी शारदा नगरपालिका सल्यानको सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८१ को (ञ) मा सामाजिक परीक्षण गर्ने व्यवस्था गरिएको छ ।

यो परीक्षणमा शारदा नगरपालिका क्षेत्र भित्रका योजना तथा कार्यक्रम संचालन गर्ने सामाजिक विकास सम्बद्ध विषयगत शाखाहरुले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र नगरपालिकाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ। २०८२ साल असार १५ गते सम्ममा सामाजिक परीक्षण कार्य सम्पन्न गर्न नगरपालिका र यस संस्थाबीच सम्झौता भई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो सामाजिक परीक्षणमा विवरण समावेश गरिएको छ ।

## २. सामाजिक परीक्षणका कानुनी व्यवस्था

### (क) संवैधानिक व्यवस्था

१.नेपालको संविधानको प्रस्तावनामा, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजको निर्माण गर्ने विषय उल्लेख छ ।

२.मौलिकहकहरुमा नागरिक स्वतन्त्रता, समानता, सूचनाको हक लगायतका अधिकारहरुको व्यवस्थाभएकोले मौलिक हकलाई कार्यान्वयनका लागि सरकारले आवश्यक कानुन तर्जूमा गरी कार्यान्वयनगर्ने व्यवस्था भएको ।

### (ख) स्थानीय सरकार संचालनमा भएको व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायि र जवाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचालित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था रहेको छ ।

### (ग) सामाजिक परीक्षण कार्यविधिमा भएको व्यवस्था

स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७ अनुसार प्रत्येक स्थानीय तहले सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । आर्थिक बर्षसमाप्त भएको पहिलो चौमासीक भित्र दुई बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त सकिने व्यवस्था छ । साथै संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने व्यवस्था गरेको छ ।

### (घ) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था

शारदा नगरपालिका सल्यानको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कायैविधि २०८१ को दफा १४ मा समाजिक परीक्षण सम्बन्धी व्यवस्थामा नगरपालिकाले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम तथा कार्य सम्पादनको लेखाजोखा र त्यसको सामाजिक उपलब्धी मापन गर्न सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ३ सामाजिक परीक्षणको उद्देश्य

(क) नगरपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामूलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।

(ख) नगरपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

(ग) आवश्यक्ता र प्राथमिकतापूर्वक विकास क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक बजेटको सही सदुपयोग गरी निर्धारित समय र गुणस्तरमा कार्य सम्पादन गरी योजनामा पारदर्शिता र उत्तरदायित्व कायम राख्नु ।

## ४. सामाजिक परीक्षणको महत्व

सामाजिक परीक्षणको महत्व एक आर्थिक वर्षमा सम्पन्न गरेका कार्यको प्रभावकारी परीक्षण गर्नु नागरिक प्रति स्थानीय सरकार जवाफदेहि हुनु तथा पारदर्शिता कायम गर्नु नागरिकको सहभागिता बढाउनु र पारस्परिक सम्बन्ध स्थापित गर्नु सामाजिक परीक्षणको महत्व रहेको छ ।

## ५. सामाजिक परीक्षणका चरणहरू

### (क) सामाजिक परीक्षणका चरणहरु सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसार ३ चरण रहेको छन ।

### (१) तयारी

यस चरणमा सामाजिक परीक्षकले बाह्य वा आन्तरिक रूपमा सूचना संकलन गरिएको छ । सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा नगरपालिकाका ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, अन्य आवश्यक सामाग्रीको अध्ययन गरिएको छ ।

### (२) विवरण तयारी तथा प्रस्तुती

नगरपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि नगरपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा तथा आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख, स्वास्थ्य संस्थाका प्रमुख,महिला स्वास्थ्य स्वयंसेवीकाहरु तथा जिम्वेवार कर्मचारीसँग अर्धसंरचित (Semi Stricture) अन्तरवार्ता गरिएको छ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरिएको छ । केहि तथ्यांक शारदा नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन २०८१,शारदा नगरपालिका सल्यानको मध्यकालीन खर्च संरचना, शारदा नगरपालिकाको पार्श्वचित्र, शारदा नगरपालिका प्रथम आवधिक नगर विकास योजना, स्थानीय सरकार संचालन ऐन २०७४, सामाजिक परीक्षण कार्यविधि २०६७, शारदा नगरपालिका सल्यानको जवाफदेहिता अभिवृद्धि गर्न बनेको कार्यविधि २०८१,तिनीहरूको सम्पादनको अवस्था प्रमुख समस्या, चुनौती र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी सो समेत अनुसूची २ र ३ अनुसारको विवरण तयार गरिएको छ । अन्त्यमा, सम्पूर्ण सरोकारवालाको भेलामा यो विवरण प्रस्तुत गरी छलफल गरिएको छ ।

### (३) प्रतिवेदन चरण

शारदा नगरपालिकाका जनप्रतिनिधि, शाखा प्रमुखहरुको भेला पश्चात सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गरिएको छ । भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित नगर प्रमुखलाई प्रतिवेदन बुझाईएको छ ।

### (ख) सामाजिक परीक्षण विधि

- ❖ नगरपालिकाको सामाजिक जिम्मेवारी सम्बन्धी नीति, ऐन, नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्बन्धी प्रतिवेदनहरुको अध्ययन ।
- ❖ शाखा प्रमुखहरुसँग छलफल तथा अभिमुखिकरण ।
- ❖ जनप्रतिनिधि, नागरिक एवम् सरोकारवालाहरुसँग प्रश्नोत्तर तथा छलफल ।
- ❖ विषयगत शाखा तथा वडा कार्यालय र स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग भेटघाट, अन्तरवार्ता, सरोकारवाला समूह छलफल, सेवाग्राही छलफल र सूचना संकलन ।
- ❖ विकास योजना तथा कार्यक्रमहरुको प्रतिनिधित्व हुने गरी स्थलगत अध्ययन तथा विश्लेषण ।
- ❖ प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी ।
- ❖ प्रारम्भिक प्रतिवेदनमाथि छलफल, प्रतिक्रिया र सुझाव ।
- ❖ प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी तथा पेश गरिएको ।

## ६.सामाजिक परीक्षणको सिमा तथा क्षेत्र

यो अध्ययन सामाजिक परीक्षण कार्यविधि, २०६७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको नगरपालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र रहेको छ । शारदा नगरपालिका विषयगत शाखाहरु, वडा कार्यालय र नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाको अध्ययनको विषय क्षेत्र भित्र रहेको छ ।

१.सामाजिक परीक्षणमा नगर प्रमुख तथा प्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुखहरु, वडा सचिवहरु र सेवाग्राहीहरुको भूमिका प्रमुख रहेको थियो ।

२.सरोकारवालाहरुको मात्र सहभागिता रहेको थियो ।

३.शारदा नगरपालिकाले गत आर्थिक वर्षमा संचालन तथा सम्पन्न गरेको कार्यको सामाजिक परीक्षण गरिएको थियो ।

४.सरकार र नागरिकबिच अन्तर सम्बन्ध रह्यो ।

५.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थानीय सरकार काम कर्तव्य र अधिकारको विषयमा विद्यमान व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरिएको थियो ।

६.नगरपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुलाई मापन योग्य बनाई प्रस्तुत गरिएको छ ।

## ७.सामाजिक परीक्षण प्रस्तुती कार्यक्रम

सामाजिक परीक्षणको लागि कार्यविधि अनुसार सरोकारवालाहरुको सहभागितामा निम्न मिति, समय र स्थानमा सामाजिक जवाफेहिता औजार सम्बन्धी जानकार तालिक प्राप्त अनुभवी टोलीद्धारा प्रारम्भिक प्रस्तुतिकरण गरी विभिन्न सल्लाह र सुझाव प्राप्त गरियो ।

(१) मिति : २०८२ असार ३ गते

(२) स्थान : शारदा नगरपालिका, सल्यान

(३) उपस्थिति संख्या : ५१ जना

## ८.सामाजिक परीक्षण प्रतिवेदन तयारी

सामाजिक परीक्षण प्रतिवेदन तयारी नगरपालिकाको बार्षिक प्रगती प्रतिवेदन, मध्यकालीन खर्च संरचना, नगरपालिका पार्श्वचित्र,प्रथम आवधिक नगर विकास योजना अध्ययन तथा अनुसन्धान, शाखा प्रमुखहरु, वडाका जनप्रतिनिधिहरु, कर्मचारीहरु, स्वास्थ्य संस्थाका प्रमुख, सरोकारवाला सेवाग्राहीहरुसँगको अन्तर्वार्ता तथा समूह छलफल पश्चात यो प्रतिवेदन लेखन कार्य गरिएको छ । यो प्रतिवेदन बिषयबस्तुमा गहिरो अध्ययन नभएतापनि विस्तृत रुपमा धेरै विषयबस्तु समेटिएर लेखिएको छ ।

## ९.शारदा नगरपालिकाको परिचय

### (क) शारदा नगरपालिका सल्यानको संक्षिप्त परिचय

शारदा नगरपालिका कर्णाली प्रदेशको सल्यान जिल्लामा पर्दछ । सल्यान जिल्लाको सदरमुकाममा रहेको यस नगरपालिका विश्व मानचित्रमा ८२°०२′४०″ देखि ८२°१६′३६″ पूर्वी देशान्तरसम्म र २८°१८′५१″ देखि २८°२७’४४″ उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित पहाडी क्षेत्रमा अवस्थित छ । १९८.३४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस शारदा नगरपालिकाको उत्तरमा सिद्ध कुमाख गाउँपालिका तथा बागचौर नगरपालिका,पश्चिमतर्फ बनगाड कुपिन्डे नगरपालिका, दक्षिणमा त्रिवेणी र कालिमाटी गाउँपालिका र पूर्वमा छत्रेश्वरी गाउँपालिका रहेका छन् । नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालिन ७ गाउँ विकास समिति खलंगा, मार्के, हिवल्चा, कजेरी, सेजवालटाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर शारदा नगरपालिका घोषणा भई २०७१/०२/०२ गतेबाट औपचारिक रुपमा स्थापित तथा सञ्चालनमा आएको हो । यस नगरपालिकाको नामाकरण सल्यानको धेरै भुभागलाई समेट्ने जिल्लाको पनि प्रमुख नदीको रुपमा रहेको शारदा नदीबाट गरिएको हो । यस नदीले नदी किनारको भुभागलाई सिंचाई गरी उत्पादनमा टेवा पुर्‍याएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिकाको जनसंख्या ३४६६३ रहेको छ जस मध्ये पुरुष ४७.३ प्रतिशत १६३८८ जना) र महिला ५२.७ प्रतिशत (१८२७५ जना) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

शारदा नगरपालिका सल्यानमा हाल १५ वटा वडाहरु रहेका छन । शारदा नगपालिका सल्यानमा नगरप्रमुख प्रकाश भण्डारी, उप प्रमुख सुस्मिता सापकोटा सुनार, प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा रहनु भएको छ । भौगोलिक विविधतायुक्त शारदा नदीको समथर भु-भागमा उर्वरभुमि रहेको छ । वडा नं ७, ६, २, र १ को भुमिमा उत्पादनका हिसावले धान, गहु, मकै, तोरी तरकारी उत्पादन हुने गरेको छ । अन्य वडामा सुन्तला, टिम्मुर लगाएत अन्य धान, गहु,मकै लगाएतका अन्न उत्पादन र पुश पालनमा राम्रो रहेको छ, साथै नेपालकै प्रसिद्ध वोसे अदुवाका लागि प्रख्यात माल्नेटा (ढाँरखानी) यसै नगरपालिकामा रहेको छ ।

### (ख) भौगोलिक स्थिती तथा राजनीतिक प्रशासनिक केन्द्र

शारदा नगरपालिका सल्यानको मुकाम शारदा नगरपालिका वडा नं २ खलंगामा रहेको छ ।सुरुवाती चरणमा नगरपालिकाले १ तलाको आफ्नै भवनबाट सेवा प्रदान गरिरहेको भवनमा तला थप कार्यका साथ प्रशासनिक कार्य संचालन रहेको सुरुमा स्तनपान कक्ष, सोधपुछ तथा दर्ता चलानी कक्षको स्थापना, डिजिटल नागरिक वडापत्रको समेत व्यवस्था गरी नागरिकलाई सेवा प्रवाहमा सहजता प्रदान गरिएको छ ।

शारदा नगरपालिका सल्यानमा १५ वटा वडा रहेको रहेको छन भने नगर प्रमुख प्रकाश भण्डारीको नेतृत्वमा, उप प्रमुख सुस्मीता सापकोटा, प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा रहनु भएको छ । एक जना महिला वडाध्यक्ष सहित १५ जना वडा अध्यक्षहरुले नगरको विकास तथा नगरपालिकाले लिएको लक्ष्य तथा उदेश्य पुरा गर्न जिम्मेवारीका साथ कार्य संचालन गरिरहनु भएको छ ।

### (क)सोच

सुन्दर र समृद्ध शारदा, खुसी र शारदावासी

### (ख)लक्ष्य

आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री समावेशी, न्यायपूर्ण तथा सुशासनयूक्त सभ्य समाज भएको शारदा नगरपालिका ।

### (ग) मुख्य उद्देश्य

(क) व्यवसायिक कृषि, पशुपंक्षी पालन एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत कृषक, महिला एवम् युवाहरूलाई आत्मनिर्भर बनाइ रोजगारी, आय आर्जन र जीविकोपार्जनका अवसरहरू प्रवर्द्धन गर्ने। (आर्थिक विकास)

(ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउँदै मौलिकतामा आधारित विभेदरहित शारदा नगरपालिका निर्माण गर्ने । ( सामाजिक विकास)

(ग) नगरपालिका भित्र गुणस्तरीय पूर्वाधारहरूको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य डिजिटल नगरपालिका निर्माण गर्ने। (पूर्वाधार विकास)

(घ) प्राकृतिक स्रोत साधनहरूको संरक्षण तथा सम्बर्द्धन, जलाधार क्षेत्रको संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण तथा आन्तरिक स्रोत साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढ गर्ने। (वन, वातावरण तथा विपद् व्यवस्थापन)

(ङ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउँदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन संयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने प्रदेशकै अग्रणी स्थानीय तह बनाउने । (सुशासन तथा संस्थागत विकास)

### (ग) शारदा नगरपालिका समृद्धिका सहयोगी क्षेत्रहरू

- जनसांख्यिक लाभ ।
- कृषि तथा पशुपंक्षी व्यवसायको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र बजारीकरण ।
- धार्मिक पर्यटकीय स्थलहरूको प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माण ।
- सुरक्षित, व्यवस्थित, उत्पादनशील र दिगो पूर्वाधारको विकास ।
- नवप्रवर्तन, सीप विकास, उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन ।
- योजनावद्ध विकास तथा व्यवस्थित भू-उपयोग ।
- मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवाप्रवाह।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन ।
- वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता ।
- समावेशीकरण तथा सामाजिक न्याय प्रवर्द्धन ।
- सुशासन तथा जवाफदेहिता प्रवर्द्धन ।

### (घ) रणनीति तथा प्राथमिकता

शारदा नगरपालिकाले अङ्गीकार गरेको दीर्घकालीन सोच, आवधिक नगर विकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

(क) कृषिको व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवम् आय आर्जनका अवसरहरू सृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

(ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार विकास एवम् निर्मित पूर्वाधारहरूको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवम् स्तरोन्नति गर्ने ।

(घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवम् वातावरणको संरक्षण सहित विपद संवेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

(ङ) सार्वजनिक सम्पत्तिहरूको दीगो संरक्षण र व्यवस्थापन गरि सार्वजनिक सेवाप्रवाहलाई नागरिकमैत्री र प्रभावकारी बनाउने ।

## (११) गत आर्थिक बर्षमा समग्र खर्च प्रगतिको अवस्था

| सि.न | शीर्षक | खर्च प्रगति |
|---|---|---|
| १ | चालु | ४३२३५७८४९.१७ |
| २ | पूँजीगत | १८६१२९९९०.४९ |
| कुल जम्मा | | ६१,८४,८७,८३९.६६ |

## (१२) गत आर्थिक बर्षका मुख्य उपलब्धीहरू

- गत आर्थिक बर्षमा विकास निर्माणका साथै सोहिबर्षमा २४ वटा कानुन निमार्ण भएको सामाजिक परीक्षणका क्रममा जानकारी प्राप्त भएको छ ।
- .प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत १०५ जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ ।
- जन्म, मृत्यू, बसाईसराई र सम्बन्ध बिच्छेद जस्ता १,७५५ वटा घटना दर्ता भएको ।
- न्यायिक शाखामा दर्ता भएका १७ वटा निवेदन सबै निरुपण भएको ।
- सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई जस्ता कार्यको अवलम्बन गरेको ।
- उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिएको, कृषिमा भौतिक प्रगती ९२.१७ प्रतिशत भएको ।
- शारदा नगरपालिका सल्यानले कृषक घरदैलो कार्यक्रम संचालन गरेको।
- शारदा नगरपालिका सल्यानले वडा र नगरपालिकालाई पुर्ण खोपयूक्त वडा घोषणा गर्न सफल भएको ।
- साना, ठुला पशुहरुमा ३८,७७२ पशुहरुलाई खोपहरु प्रदान गरिएको ।
- पशु स्वास्थ्य शिविर संचालन गरिएको ।
- गत आर्थिक बर्षमा १७ वटा लघु उद्यम दर्ता तथा ७२ वटा नवीकरण भएको ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तगत ५० दिनको लागि ३५६ जनालाई रोजगारी प्रदान गरेको ।
- विद्यालय नक्साकंन तथा दरबन्दी मिलान कार्य गरेको ।
- साहित्य मेला तथा पढाईमेला जस्ता कार्यक्रम संचालन गरिएको ।
- क्रिकेट खेलको विकास गर्न मेयर कप टि ट्वाईन्टी क्रिकेट कप खेलको आयोजना गरिएको ।
- ७० बर्ष माथिका जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य चेकजाँच र जेष्ठ नागरिक मनोरञ्जन खेलकुद कार्यक्रमहरु संचालनगरिएको ।
- पाठेघरको क्यान्सरको चेकजाँच, आङ खस्ने रोगको परीक्षण र उपचार र Implant सेवा प्रदान गरिएको ।
- आँखा रोगहरुको चेकजाँच तथा सर्जिकल सेवा शिविर संचालन गरिएको ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण GESI Audit अभ्यास गर्ने गरेको ।
- लैंगिक हिंसा विरुद्धको अभियानहरु संचालन गरिएको ।
- विश्व बैंकको सहयोगमा १ अर्व १० करोड लागतमा जर्खु खानेपानी योजना लगायतका कार्य अगाडि बढाईएको ।
- नियमित फोहर संकलन तथा सरसफाईलाई निरन्तरता दिइएको ।
- सामाजिक सुरक्षा भत्ता वडा तहबाट वितरण गरिएको ।
- गत आर्थिक बर्षमा शारदा नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन ४.२ को पूर्वाधार ईकाई अनुसार ३३२ वटा सम्पादित आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएको ।

## (१३) बिषयगत क्षेत्र

### (क)कृषि

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा कृषि विकास तर्फ सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजन रकम संघिय सशर्त तर्फ ३६ लाख २५ हजारमा ८ खाल रुपैयाँ खर्च नभएको, प्रदेश सशर्त तर्फ १७ लाख २० हजारमा १५ लाख खर्च नभएको र निशर्त तर्फ रु २० लाख रहेकोमा १९ लाख ९४ हजार १ सय ४७ रुपैयाँ खर्चका साथ ९९.७१ प्रतिशत वित्तीय प्रगति रहेको छ। कृषि विकास शाखाबाट भएका केहि असल कार्य तथा अभ्यासहरु ।

- ❖ निशुल्क च्याउको विउ वितरण तथा तालिम सञ्चालन कार्यक्रम अन्तर्गत च्याउको विउ प्राप्त गरेका कृषकहरुको व्यवसायको अनुगमन ।
- ❖ सुन्तलाजात फलफुल बगैचा व्यवस्थापन तथा सुदृढीकरण तालिम तथा सामग्री वितरण कार्यक्रम अन्तर्गत सामग्री वितरण ।
- ❖ बेमौसमी तरकारी खेतिका लागि टनेल घर निर्माण कार्यक्रम अन्तर्गत निर्मित प्लाष्टिक घरहरु बनाइएको ।
- ❖ वडा कृषि प्राविधिकहरुलाई ४ दिने क्षमता अभिवृद्धी तालिम ।
- ❖ उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम ।
- ❖ नगरस्तरीय अगुवा कृषक तालिम अन्तर्गत वेमौषमी तरकारी खेति विषयक तालिम सञ्चालन ।
- ❖ कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम ।
- ❖ धानवाली प्रवर्दन कार्यक्रम ।
- ❖ प्रमुख बालीहरुमा बाली कटानी ।

### (ख) पशु सेवा

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा पशु विकास तर्फसम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा संघिय रकम रु १४ लाख ५० हजारमा ७ लाख ५० हजार खर्च भएको छ ।, प्रदेश सरकार १५ लाखमा बाख्रा पकेट कार्यक्रम शारदा नगरपालिका वडा नं १३ को अतरकाँडामा संचालन भएको थियो, पालिकाबाट बजेट बिनियोजनरकम रु २० लाख रहेकोमा १९ लाख ९९ हजार १ सय ८० रुपैयाँ खर्चका साथ ९९.९६ प्रतिशत वित्तीय प्रगति रहेको छ। पशु विकास शाखाबाट भएका केहि असल अभ्यास तथा कार्यहरु ।

- ❖ २९०५६ पशुपंछीहरुमा मेडिकल उपचार, माईनर सर्जिकल र थेरियोलोजिकल उपचार गरिएको ।
- ❖ ३८७७२ ठूला साना पशुहरुलाई पि.पि.आर., रेविज, स्वाइन फिवर, खोरेत, लम्पी स्किन रोग नियन्त्रण खोप सेवा संचालन गरिएको ।
- ❖ प्राविधिकहरुको क्षमता अभिवृद्धि तालिम र औजार तथा सर्जिकल सेट वितरण ।
- ❖ शारदा नगरपालिका पशु विकास शाखा मार्फत पशु स्वास्थ्य शिविर संचालन ।
- ❖ हिउदे घाँस (जै, वर्षिम, भेच) र डाले घाँसको विरुवा तथा सेट वितरण ।

### (ग) सहकारी

- ❖ सहकारी हेर्ने कर्मचारीलाई कोपोमिसको तालिम प्रदान गरिएको ।

### (घ) लघु उद्यम

लघु उद्यम विकास तर्फ जम्मा बजेट रु १८ लाखमा  २ जनाको तलावमा ८ लाख ९ हजार ६ सय २४ रुपैयाँ खर्च भएको थियो भने अन्य उद्यमी सृजना, प्रविधि हस्तान्तरण र स्तरोन्तीमा खर्च भएको थियो ।

- ❖ १७ जनालाइ एडभान्स सिलाईकटाई तालिम सञ्चालन ।
- ❖ ५उद्यमीहरुलाई जनालाई प्रविधि हस्तान्तरण ।
- ❖ ११ जनालाई उद्यमीहरुको लागि साझा सुविधा केन्द्रको स्थापना ।
- ❖ सिलाई कटाई सीप सिकेकाहरुलाई प्रविधि, मेसिन हस्तान्तरण ।
- ❖ १७ दर्ता, ७२ नवीकरण, ३ नामसारी, ७ पुँजी वृद्धि, ४ ठाउँसारी, ७ नाम परिवर्तन १६ खारेजी

### (ङ)प्रधानमन्त्री रोजगार कार्यक्रम

गत आर्थिक बर्षमा रोजगार शाखा तर्फ संघिय ५१ लाखमा खर्च रकम रु ४८ लाख १४ हजार २ सय ५२ रुपैयाँ प्रतिशतमा ९४.३९ वित्तीय प्रगती रहेको छ साथै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई डिए) बाट ४५ लाख प्राप्त भएकोमा ३३ लाख ९३ हजार २ सय ९१ बित्तीय प्रगती भएको छ । स्थानीय तहबाट साझेदारी तर्फ १६ लाखमा १३ लाख १४ हजार ६ सय ९ रुपैयाँ खर्च भएको छ ।

- ❖ शारदा नगरपालिका सल्यानले गत आर्थिक बर्षमा बाटो निमार्ण १२,१६० मिटर, नाली निमार्ण २,६३८ मिटर, सल्याव १०४ मिटर निमार्ण भएको छ ।
- ❖ भवन २ कोठा, पोखरी ५, हुम पाईप ३ वटा

### (च) मुख्यमन्त्री रोजगार कार्यक्रम

- ❖ शारदा नगरपालिका सल्यानले मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बाटो निमार्ण ६७२० मि., सल्याव ९३८ मि., सिँचाई कूलो ११०८ मि.,नाला २८२७ मि.,सिँढी निर्माण ३०७ मि.,पर्खाल २७४ घन मि., जाली १७ वटा, स्वास्थ्य भवन २ वटा, शौचालय २ वटा निमार्ण सम्पन्न भएका छन् ।

### (छ) शिक्षा तर्फ

शारदा नगरपालिका सल्यानको आर्थिक बर्षमा शिक्षा तर्फ २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा सशर्त तर्फ २२ करोड ३८ लाखमा खर्च रकम रु १९ करोड ६ लाख ३९ हजार पाँच सय ८९ रुपैयाँ । पालिकाको स्रोत तर्फ १ करोड ९१ लाख ८८ हजारमा खर्च रकम रु १ करोड २१ लाख ५९ हजार १ सय ५२ रुपैयाँ । खर्च भएको छ । शिक्षा शाखाबाट भएका केही असल अभ्यास तथा कार्यहरु ।

- ❖ विद्यालय नक्साङ्कन तथा दरबन्दी मिलान ।
- ❖ शैक्षिक भित्तेपात्रो निर्माण ।.
- ❖ विभिन्न तालिम EMIS, ICT, Real Planl
- ❖ पाठ्यक्रम प्रवोविधिकरण, पठन सीप विकास ।
- ❖ प्रारम्भिक सिकाइ तथा मापदण्डमा आधारित सिकाइ कार्यक्रम संचालन ।
- ❖ शारदा नगरपालिका स्तरिय राष्ट्रपति रिनिङ सिल्ड प्रतियोगिता सञ्चालन ।
- ❖ साहित्य मेला सञ्चालन र सामाजिक परीक्षण तालिम सम्पन्न ।
- ❖ निशुल्क आबाशिय पलम्बर तालिम सञ्चालन ।
- ❖ शारदा मेयर कप T20, Cricket प्रतियोगिता सञ्चालन तथा निरन्तरता ।
- ❖ विभिन्न ऐन कानुन निर्माण ।
- ❖ नगर स्तरीय दोश्रो पढाइ मेला सञ्चालन र हाल तेस्रो पढाईमेला सम्पन्न ।
- ❖ विद्यालय नर्स कार्यक्रम संचालन र निरन्तरता ।

### (ज) स्वास्थ्य

शारदा नगरपालिका सल्यानको आर्थिक बर्षमा स्वास्थ्य शाखा मार्फत २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा सशर्त तर्फ रकम रु ४ करोड ८६ लाख ११ हजारमा खर्च रकम रु ४ करोड, ५१ हजार ६ सय ४७ रुपैयाँ ८२ प्रतिशत र निशर्त तर्फ ७३ लाख ५६ हजार ५ सयमा ५९ लाख ९१ हजार ४ सय ४१ रुपैयाँका साथ ८१ प्रतिशत खर्च भएको छ । गत सामाजिक परीक्षण गरिएको बर्षमा स्वास्थ्य शाखाबाट भएका केही असल अभ्यास तथा कार्यहरु ।

- ❖ ७०बर्षमाथिका जेष्ठ नागरिक अशक्त अपाङ्गहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम ।
- ❖ पाठेघरको क्यान्सरको स्क्रिनिङ, फिस्टुला र आङ्ग खस्ने रोगको परीक्षण र उपचार साथै Implant सेवा ।
- ❖ आँखा रोगहरुको स्क्रिनिङ सेवा तथा सर्जिकल सेवा ।
- ❖ स्वास्थ्य चौकी मार्केमा मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना ।
- ❖ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रुपमा यातायात तथा संचार खर्च प्रदान ।

- ❖ न्यूनतम मापदण्ड सेवा कार्यक्रम सम्पन्न ।
- ❖ विपन्न नगरिकहरुलाई यातायात खर्च रकम प्रदान ।
- ❖ विद्यालयहरुमा प्राथमिक उपचार बाकस बितरण ।
- ❖ क्षयरोगमुक्त स्थानीय तह अभियान कार्यक्रमको सुरुवात ।
- ❖ मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना र पुर्ण खोपयूक्त नगरपालिका घोषणा ।

**(झ) महिला तथा बालबालिका**

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजन रकम रु. १५ लाख रहेकोमा ३ लाख ४९ हजार ८ सय रुपैयाँ खर्चका साथ २३.३२ प्रतिशत वित्तीय प्रगति रहेको छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट भएका कार्यहरु ।

- ❖ दुई महिने व्युटिसियन तालिम सञ्चालन १५ जना लाभान्वित ।
- ❖ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESi Audit) सम्पन्न ।
- ❖ महिला जनप्रतिनिधि र महिला कर्मचारीहरुको लागि क्षमता विकास तालिम ।
- ❖ लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विद्यालयस्तरिय समुदायस्तरिय अभिमुखिकरण कार्यक्रम सञ्चालन ।
- ❖ अपाङ्ग दिवसको अवसरमा १२ जना दृष्टिविहीन बालबालिकाहरुलाई न्यानो कपडा वितरण ।
- ❖ ४१ जना महिला उद्यमीहरुलाई वित्तीय साक्षरता र कर साक्षरता सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको र कृषि व्यवसायमा संलग्न २५ जना महिला उद्यमीहरुलाई कृषि व्यवसाय संचालन तथा व्यवस्थापन सम्बन्धी २ दिने तालिम संचालन ।

**(ञ) खानेपानी**

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ मा खानेपानी तथा सरसफाई तर्फ सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम  रु २ करोड १ लाख ८० हजारमा ६६ लाख २ हजार ७ सय ५ रुपैयाँ खर्चका साथ ३२.७२ प्रतिशत वित्तीय प्रगति रहेको छ । खानेपानी तर्फ भएका कार्यहरु ।

- ❖ खानेपानी क्षेत्रगत तथा पूर्वाधार सहयोग आयोजना (बिश्व बैंकको सहयोगमा) करिब १ अर्ब १० करोड लागतमा यस नगर भित्रका सम्पुर्ण नगरबासीहरुको प्रत्येक घरधुरीमा मिटर सहितको धारा जडानको लागि जर्खु खानेपानी योजना अन्तर्गत ३ हजार घरधुरीमा धारा जडानको लागि डिटियल सर्भेक्षण र डिपिआर समेत तयार कार्य अगाडि बढेको । जस अनुसार शारदा नगरपालिका वडा नं ८ को पुरै घरधुरी, ९ को केही, १० को पुरै ११ को केही, ५ को केही, ४ को केही र वडा नं १ को केहीघरधुरीमा धारा जडान हुने देखिन्छ । र साना खानेपानी योजनाहरुलाई मर्ज गरि यो योजना नगरपालिकाका धेरै जनसंख्यालाइ सेवा पुऱ्याउनेछ ।
- ❖ बाँकीरहेका वडा नं ९ र ११ का घरधुरीको लागि डाँडासिम, रातामाटा, बासखोला, कैनखोला र सालचौरका खानेपानीका लागि एउटै खानेपानी योजनाबाट मर्मत गर्ने गरी डिजिटल सर्भेक्षण र डिपिआर बन्दै गरेको छ ।
- ❖ कजेरी खानेपानी योजनाले वडा नं ७ को पुरै वडा ५५१ घरधुरीमा सेवा पुऱ्याउने हिसाबले डिटियल सर्भेक्षण र डिपिआर तयार भइसकेको छ । त्यस्तै जिल्लाकै नमुना खलंगा शितलपाटी खानेपनीमा तथा विस्तारको लागि डिटियल सर्भेक्षण र डिपिआरको काम भइरहेको छ । उपभोक्ता संस्थालाई अपग्रेड गरिएको छ ।

❖ ग्रिन शारदा क्लिन शारदालाई मध्यनजर गर्दै शारदा नगरपालिका वडा नं १२ रेशमजिउला अटोभिलेजमा वडा नं १ श्री शिवजन मा.वि, वडा नं २ मा रहेको श्री त्रिभुवन जन मा वि, वडा नं ८ मा रहेको श्री त्रिभुवन जनता मा वि मार्केमा करिब ५ करोड ६५ लाखमा ४ वटा स्मार्ट शौचालय निर्माणको काम अगाडि बढेको र जसअनुसार दैनिक करिब ५० जना सर्वसाधारण र ३ हजार विद्यार्थीहरुका लागि सुबिधा सम्पन्न शौचालयको पहुच विस्तार पुग्ने देखिन्छ ।

❖ यसबर्ष बिगत देखि विद्युतको समस्याका कारण संचालन हुन नसकेको वडा नं. १३ मा रहेको जुगेखोली खानेपानी योजनामा करिब ५ लाखको सोलार मोटार सेट खरिद गरी २५ घरधुरीमा सेवा बिस्तार गरिएको छ । साथै वडा नं. ६ मा रहेका बरला सामुदायिक खानेपानी र टाकुरा लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा ७ लाख बराबरको ईलेक्ट्रिक मोटर खरिद गरि ४०० घरधुरीमा सेवा निरन्तर भएको छ। साथै यसैबर्ष खानेपानी क्षेत्रगत तथा पूर्वाधार सहयोग आयोजना कार्यक्रम अनुसार शारदाको खानेपानी तथा सरसफाई गुरु योजना (खासस्व योजना), २०८० लाई अध्यावधिक समेत गरिएको छ ।

## (ट) फोहरमैला व्यवस्थापन

❖ विभिन्न वडाहरुमा जनचेतनामूलक कार्यक्रम सञ्चालन ।

❖ हरित शहर निर्माणको लागि विभिन्न स्थानमा ४७० थान गमला राखिएको ।

❖ फोहरमैला व्यवस्थापनका लागि सेप्टि इक्यूमेन्ट खरिद ।

❖ डम्पिङ्ग साइट व्यवस्थापनका लागि तारबार निर्माण ।

❖ डम्पिङ्ग साइटको वाल निर्माण ।

❖ ट्याक्टर खरिद ।

❖ डम्पिङ्ग साइट जाने बाटो निर्माण ।

❖ पब्लिक डस्टबिन खरिद तथा व्यवस्थापन ।

❖ नियमित फोहर संकलन तथा बजार क्षेत्र सरसफाई ।

## (ठ) सामाजिक सुरक्षा प्रदान

❖ जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, सामाजिक सुरक्षाको क्षेत्र, एकल जेष्ठ, महिला, विधुवा, अपाङ्ग, पूर्ण अपाङ्ग, आशिंक, दलित बालबालिका र बाल पोषणमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको ।

❖ सामाजिक परीक्षण गरिएको बर्षमा सामाजिक सुरक्षा रकम रु १३ करोड ४७ लाख ११ हजार ५ सय ९८ रुपैयाँ वितरण गरिएको छ ।

## (ड)सुरक्षित आप्रवासन

सुरक्षित आप्रवासन परियोजना तर्फ सुचनामा पहुँच, न्यायमा पहुँच, सीप विकास, मनोसामाजिक परामर्श वित्तीय साक्षरता ६५ लाख रकममा ५९ लाख खर्च भएको सामाजिक परीक्षणमा छलफलमा जानकारी प्राप्त भएको थियो ।

❖ शारदा नगरपालिका सल्यानले सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत सुचनामा पहुँच, न्यायमा पहुँच, सीप विकास, मनोसामाजिक परामर्श वित्तीय साक्षरता कार्यक्रमहरु संचालन गरिएको छ ।

## (ढ) पुर्वाधार विकास

### (१) योजना ईकाई

पुर्वाधार विकास तर्फ शारदा नगरपालिका सल्यानमा गत आर्थिक बर्षमा पुर्वाधार विकास, यातायात पुर्वाधार, भवन आवास तथा शहरी विकास, सम्पदा पुर्वाधारमा जम्मा बजेट रु ३१ करोड ७ लाख ४१ हजार ४२ रुपैयाँमा खर्च रकम रु २५ कराड १९ लाख १७ हजार ३ सय ९० रुपैयाँका साथ ८१.२४ बित्तीय प्रगती रहेको छ।

❖ योजना तथा पूर्वाधार शाखाको आ.व.०८०।०८१ को भौतिक प्रगति विवरण: आ.व. २०८०।०८१ मा योजना तथा पूर्वाधार शाखाबाट सञ्चालन भई सम्पन्न भएका आयोजना र कार्यक्रमहरुको भौतिक प्रगति अन्तर्गत सडक कालोपत्रे मार्के खैरावाङ नयाँ सडक निर्माण स्तरोन्नती, PCC/RCC, जाली भर्ने काम, विद्युतपोल,

सिचाई कुलो, नाली निर्माण, भवन निर्माण कार्य, श्रीनगर बसपार्क र १४ नं वडा कार्यालय भवन, जस्ता पाता खरिद कार्य,DPR निर्माण लगायतका विभिन्न पूर्वाधार सम्बन्धी कार्य भएको नगरपालिकाको विकास निर्माण कार्यमा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समिति र अन्य सरोकार वालाहरुको चासो रहेको देखिन्छ ।

- ❖ त्यसै गरी योजना शाखा तथा अन्य शाखाबाट आ.व. २०८०।०८१ मा सम्पादित कार्यको पूर्वाधार कार्यक्रम र अन्यको आ.व.०८०।०८१ मा वित्तीय ८०.५९ तथा भौतिक प्रगति ८१.३७ प्रतिशत भएको छ । भने क्रमागत अन्तर्गत खानेपानी वडा नं ८, वडा कार्यालय भवन निर्माण वडा नं ९, नगरपालिका भवन प्रशासकीय भवन निर्माण गरि जम्मा संख्या ३ मध्ये १ वटा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको र बाँकी २ वटा आयोजनाको निर्माण कार्य जारी रहेको छ ।
- ❖ जम्मा १५ वटा ठेक्का, ६० वटा कोटेशन,१०४ वटा कार्यादेश, १३५ वटा उपभोक्ता समितिबाट निमार्ण गरिएको थियो ।

## २. पूर्वाधार ईकाई

- ❖ शारदा नगरपालिका सल्यानमा पूर्वाधार इकाईबाट शारदा नगरपालिकामा जम्मा ३३२ वटा आयोजना सम्पन्न भएको छन ।

## १४. वडातर्फ

### (क) वडा नं १ को कार्यालय

शारदा नगरपालिका सल्यानको वडा नं १ साविक खलंगा गाउँ विकास समितिको वडा नं १, २ र ३ मिलेर बनेको वडा हो । यस वडाको जनसंख्या ५९३० रहेको छ । यस वडाको केन्द्र श्रीनगरमा रहेको छ । यस वडाबाट गत आर्थिक बर्षमा संचालित तथा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजन रकम रु २९ लाख ५९ हजार रहेकोमा वित्तीय खर्च रकम रु २९ लाख ३ हजार १ सय १५ रुपैयाँ रहेको छ । बिनियोजित रकममा वित्तीय प्रगती ९८.११ प्रतिशत रहेको देखिन्छ ।

**यस वडाबाट सम्पन्न गरिएका राम्रा अभ्यास तथा कार्यहरु**

- ❖ गत बर्ष सम्पन्न हुन नसकेको योजनाहरु यस वर्षमा प्राथमिकता राखेर कार्य अगाडि बढाईएको ।
- ❖ बसपार्क निमार्ण कार्य अगाडि बढाईएको र त्यसमा वडाको नियमित अनुगमन सहजिकरण गरिएको ।
- ❖ वडा कार्यालय जाने बाटो अवरोध हटाई सहज बनाइएको ।
- ❖ खैरावाङ, चैबाङ जाने बाटो सम्पन्न ।
- ❖ नगरले अगाडि सारेको योजना अनुसार बजारमा रहेको पशु चौपायको व्यवस्थापन ।
- ❖ नगरले अगाडि सारेको योजना अनुसार बजारको बाटोमा जेब्राक्रसिङ निमार्ण ।
- ❖ नगरले अगाडि सारेको योजना अनुसार बजार क्षेत्रमा फुलहरु रोपिएको ।
- ❖ खोलाहरुमा तटवन्धन तथा सिंचाई कुलो निमार्ण ।
- ❖ बाटो मर्मत, खानेपानी निमार्ण जस्ता महत्वपूर्ण कार्यहरु गरिएको ।

**चुनौतीहरु**

- ❖ ऐलानी जग्गा खाली गर्न सुरुवातीमा चुनौती देखिएको थियो ।

### (ख) वडा नं २ को कार्यालय

शारदा नगरपालिका वडा नं २ साविक खलंगा गाउँ विकास समितिको वडा नं ४,५ र ६ मिलेर बनेको छ । यस वडाको जनसंख्या २४५९ रहेको छ ।शारदा नगरपालिका वडा नं २ सदरमुकाम खलंगा लगायत श्रीनगर राप्ती लोकमार्गसँगै रहेको जोगिदेउ खोला सम्म रहेको छ । यस वडामा गत आर्थिक बर्षमा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजन रकम रु. २९ लाख ४७ हजारमा खर्च रकम रु. २८ लाख ५३ हजार ५६ रुपैयाँ वित्तीय प्रगति भएको छ । वित्तीय प्रगती ९६.८१ प्रतिशत रहेको छ ।शारदा नगरपालिका वडा नं २ मा सामाजिक परीक्षणको लागि २०८२ बैशाख ३१ गते वडाध्यक्ष सविन हमालसँग छलफल गरिएको थियो । गत

आर्थिक बर्षमा संचालन गरिएको योजना तोकिएकै समयमा सम्पन्न गरिएको देखिन्छ । सिमित बजेटको कारण वडामा माग भई आएका योजना सबै कार्यान्वयन हुन नसकेको सामाजिक परीक्षणको छलफल भएको थियो । भौतिक संरचनाका हिसावले वडा कार्यालय साविकको खलंगा गाविसको भवनमा रहेको छ ।

**यस वडाबाट गत आर्थिक बर्षमा गरिएका राम्रा कार्य तथा अभ्यासहरु**

- बाल विकासका बालबालिकाहरुलाई न्यानो कपडाहरु वितरण ।
- जेष्ठ नागरिकहरुलाई तातो पानी तताउने सामाग्री वितरण ।
- जेष्ठ नागरिक लाई मनोरञ्जनात्मक खेलकुदमा सहभागी गराउने गरिएको ।
- जेष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ्य चेकजाँचको व्यवस्था तथा सहजिकरण गरिएको ।

**चुनौतीहरु**

- आउने अवसरमा सीपयूक्त नागरिकको आवश्यक्ता हुनेहुदा दक्ष जनशक्तिको अभावको कारण वडामा रोजगारी प्रदान गर्न चुनौती हरको छ ।

## (ग) वडा नं ३ को कार्यालय

शारदा नगरपालिका सल्यानको सामाजिक परीक्षणको लागि वडा नं ३ मा २०८२ बैशाख ३१ गते वडा अध्यक्ष तुलसा भण्डारी लगाएत अन्य वडाका कर्मचारी जन प्रतिनिधिहरु र नागरिकहरुसँग अन्तरबार्ता गरिएको थियो । प्रत्यक्ष जनतामा जोडिएको नजिकको जनप्रतिनिधि वडा भएको र सिमित स्रोत साधनको कारण नागरिकले माग गरे अनुसार पुरा गर्न नसकिएको सामाजिक परीक्षणको छलफलमा जानकारी रहेको थियो । आफ्नै वडा कार्यालय निमार्ण भए पश्चात वडाबाट प्रदान गरिने सेवा सहज हुने देखिन्छ ।

शारदा नगरपालिका वडा नं ३ मा गत आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजार बिनियोजनभएकोमा २८ लाख २९ हजार ३ सय ९४ रुपैयाँ रहेकोमा ९५.८१ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ ।

**गत आर्थिक बर्षमा सम्पन्न भएका राम्रा काम तथा अभ्यासहरु**

- सेवा प्रवाहको मापनका लागि वडामा बहीर्गमन अभिमत पत्र सहितको सार्वजनिक सुनुवाई ।
- वडा कार्यालय निमार्ण सेवा प्रवाहका लागि तयारी अवस्थामा रहेको ।
- वडामा स्वास्थ्य सेवा केन्द्र निमार्ण, स्थापना र सेवा प्रदान ।
- बाल विवाह न्यूनीकरण तथा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना कार्याक्रम संचालन गरिएको ।
- जेष्ठ नागरिकहरुलाई घर दैललोमा स्वास्थ्य सेवा प्रदान गरिएको ।
- सामाजिक सुरक्षा वापतको भत्ता जेष्ठ नागरिकको घरदैलोमा वितरण ।
- हजार दिने सुत्केरी महिलाहरुको लागि पोषणका कार्यक्रम संचालन गरिएको ।

**समस्या तथा चुनौती**

- सिमित स्रोत साधनको कारण सबै योजना तथा सेवाप्रवाह गर्न समस्या ।

## (घ) वडा नं ४ को कार्यालय

शारदा नगरपालिका वडा नं ४ मा आफ्नै भवनबाट सेवा प्रदान गरिरहेको भवनमा ५ कोठे १ तलाको भवन रहेको छ । हाल १ जना सचिवले २ वटा वडा कार्यालयहरुबाट सेवा प्रदान गर्ने भएको कारण पञ्जीकरणको सहजसेवा प्रवाह हुन नसकेको देखिन्छ । गत आर्थिक बर्षमा आन्तरिक स्रोतको अभावका कारण केही बनाइएका योजना पनि हुन नपाएको र पोषण, स्वास्थ्य सरसफाई र कृषि भेटनरीसँग सम्बन्धितकाम उल्लेख्य मात्रामा हुन नसकेको देखिन्छ । नजिकै जिल्ला अस्पताल भएकाले वर्थिङ सेन्टर आवश्यक नभएको र अन्य सेवाहरु नियमितताका साथ दरबन्दी पुरै रहेको छ ।

शारदा नगरपालिका वडा नं ४ मा महिला ७४८ र पुरुष ६८५ जम्मा १४३३ जनसंख्या रहेको छ । शारदा नगरपालिका वडा नं ४ मा आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजार रुपैयाँमा २८ लाख ९५ हजार ८ सय ७ रुपैयाँ ९८.०६ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

**गत आर्थिक बर्षमा सम्पन्न गरिएका केहि राम्राकार्य तथा अभ्यास**

- विद्यालयको घेरबार तथा गेट निमार्ण र विद्यालय नियमित पना्पाण।
- विद्यालय र वडाको साझेदारीमा आधुनीक बालमैत्री बसाईको लागि डेस्क, बेन्च निमार्ण ।
- ढल निकासको लागि वडा अध्यक्षको व्यक्तिगत खर्चमा केहि होम पाईप निमार्ण गरिएको ।
- रणनीतिक रुपमा लक्षित वर्ग लक्षित कार्यक्रमहरु संचालन गरिएको ।
- विद्यालयमा बाल खेलकुद तथा मनोरञ्जन स्टल निमार्ण ।
- आधारभ"त५ कक्षा सम्म सबै बालबालिका र माथिल्लो तहमा लक्षित वर्गको बालबालिकाहरुका लागि पोशाक वितरण ।
- २ वटा स्वास्थ्य चौकीको नाममा जग्गा दान प्राप्त गरिएको ।

**चुनौतीहरु**

- नागरिकका आकांक्षा धेरै रहेको नागरिक स्तरमै सम्पन्न गर्न सकिने योजना भएतापनी वडा तहमा माग गर्ने गरिएको छ ।
- सिमित स्रोतको कारण धेरै योजना समेटन नसकिएको ।

## (ङ) वडा नं ५ को कार्यालय

शारदा नगरपालिका वडा नं ५ साविक सेजवालटाकुरा गाउँ विकास समितिका वडाहरु २,३,४,७ र ८ वडाहरु मिलेर बनेको वडामा महिला ९३७ र पुरुष ७७९ गरि जम्मा १५१६ जनसंख्या रहेको छ ।

शारदा नगरपालिका वडा नं ५मा आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ६५ हजारमा वित्तीय खर्च रकम रु २८ लाख ८१ हजार ६ सय ८३ रुपैयाँ सहित ९७.१९ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

सामाजिक परीक्षणको लागि शारदा नगरपालिका वडा नं ५ कावडा अध्यक्ष प्रदिप शाहीसँग छलफल गरिएको थियो । वडाको सेवा आफ्नै ५ कोठे भवन बाट प्रदान गरिएको छ । खाने पानीको व्यवस्था गरिएको छ । अघिल्लो आर्थिक बर्षमा सबै काम सम्पन्न भएको र नयाँ कामहरुमा बालबालिकालाई विद्यालयमा पोशाक वितरण, बच्चा र तिनका आमाहरुलाई पोषणयुक्त खाना वितरण जस्ता कार्यहरु सम्पन्न गरिएको छ ।

**गत आर्थिक बर्षमा सम्पन्न गरिएका केही असल अभ्यासहरु**

- आर्थिक अवस्था कम्जोर भएका बालबालिकाहरुलाई पोशाक वितरण गरिएको ।
- पोषणका कार्यक्रमहरु संचालन गरिएको ।
- जेष्ठ नागरिकहरुलाई ब्लाङकेट वितरण ।

**चुनौती**

- सिमिति स्रोत साधनहरुको कारण नागरिकका आशा अपेक्षा पुरा गर्न नसकिएको ।

## (च) वडा नं ६ को कार्यालय

शारदा नगरपालिका वडा नं ६ साविक कजेरी गाउँ विकास समतिका वडा नं ४,५,६,७ र ८ वडा मिलेर बनेको वडा हो । यस वडामा जनसंख्या ३ हजार १ रहेको छ । यस वडामा आर्थिक बर्षमा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजारमा खर्च रकम रु. २८ लाख ६९ हजार ४० रुपैयाँ खर्च भएको छ । जुन वित्तीय प्रगति रकम रु ९७.१६ प्रतिशत रहेको छ ।सामाजिक परीक्षणको छलफल वडाध्यक्ष भिक राज बुढाथोकीसँग अन्तरबार्ता तथा छलफल गरिएको थियो । छलफल गर्दा विकास निमार्णका कार्यहरुलाई प्राथमिकता दिएको र अन्य सामाजिक विकासका कार्यहरुको अभ्यासलाई पनी बढवा दिनुपर्ने छलफलको निष्कर्ष रहेको छ ।

**विकास निमार्णमा भएका केहि कार्यहरु**

- मन्दिर निमार्ण र विद्यालय मर्मतका कार्यहरु गरिएको छ ।
- स्वास्थ्य सेवा केन्द्र घेरबार र खानेपानी मर्मत
- होमपाई निमार्ण प्रतिक्षालय व्यवस्थापन

## (छ) वडा नं ७ को कार्यालय

शारदा नगरपालिका वडा नं ७ साविक कजेरी गाउँ विकास समितिको वडा नं १,२,३ र ९ मिलेर बनेको वडा हो । यस वडामा महिला १२७३ पुरुष ११२५ जम्मा जनसंख्या २३९८ रहेको छ । यस वडामा आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजारमा खर्च रकम रु २९ खाल ७ हजार ६ सय ६५ रुपैयाँ खर्चका साथ ९८.४६ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । सामाजिक परीक्षणको लागि वडा अध्यक्ष लिला बहादुर रोका, वडा सचिव लगाएत अन्य सरोकारवालाहरुसँग छलफल गरिएको थियो ।

**यस वडाबाट आर्थिक बर्ष** २०८०/०८१ मा गरिएका राम्रा अभ्यास तथा कार्यहरु

- विपन्न बालबालिकाहरुको लागि पोशाक वितरण गरिएको ।
- विद्यालय स्तरीय शैक्षिक कार्यक्रम संचालन गरिएको ।
- उत्कृष्ट विध्यार्थीहरुलाई पुरस्कृत गरिएको ।
- ग्रामीण सडक मर्मत तथा सम्भार ।
- नागरिकहरुको घर, घरमा खानेपानीको पहुँच तथा विस्तार ।
- विद्यालय घेरबार तथा पर्खाल निमार्ण ।

**चुनौतीहरु**

- सिमित स्रोत साधनको कारण आर्थिक रुपमा विपन्न वर्गको बालबालिकाहरुलाई समेटन नसकिएको ।
- ग्रामीण क्षेत्रको बाटो मर्मतको लागि मेसिन औजारको उपलब्धतामा समस्या ।

## (ज) वडा नं ८ को कार्यालय

शारदा नगरपालिका वडा नं ८ साविक मार्के गाउँ विकास समितिको वडाहरु वडा नं १,३,४,७ र ८ वडा मिलेर बनेको छ यस वडामा जनगणना २०७८ अनुसार महिला ८४४ पुरुष ७५१ जम्मा १५९५ जनसंख्या रहेको छ । यस वडामा वडामा आर्थिक बर्ष२०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ६५ हजार मा खर्च रकम रु २७ लाख ३१ हजार ४ सय ९३ रुपैयाँ खर्चका साथ ९२.१२ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

वडा नं. ८ मा वडा कार्यालयमा वडाध्यक्ष नभएको बेला पुगेका कारण छलफल विधि अपनाउन नसकिए पनि वडा कार्यालयको संरचना सेवा प्रवाह र नजिकै रहेको स्वास्थ्य संस्थाको निरक्षिण गरिएको थियो । स्वास्थ्य संस्थाबाट नियमिति जस्तो काम भैरहेको थियो । वडाका अन्य सरोकारवालासँग छलफल गरिएको थियो भने वडा अध्यक्षसँग फोनमा अन्तरबार्ता गरिएको थियो ।

**गत आर्थिक बर्षमा वडाबाट सम्पन्न गरिएका राम्रा अभ्यास तथा कार्यहरु**

- नगरको नियमित योजना अनुसारको जेष्ठ नागरिकहरुलाई घरदैलोमा सामाजिक सुरक्षा प्रदान गरिएको ।
- विद्यालय व्यवस्थापन, रंग रोगन र फिल्ड निमार्ण सम्पन्न गरिएको ।
- वडामा रहेको खालि जग्गामा अध्यक्षको भत्ताबाट बोट विरुवामा गोडमेल गर्ने गरिएको ।
- वडाध्यक्षको व्यक्तिगत रकममा नाईड भिजन हेलि प्याड निमार्ण गर्ने तयारी गरिएको ।

## (झ) वडा नं ९ को कार्यालय

शारदा नगरपालिका वडा नं ९ मा महिला ११३९ र पुरुष १०१९ गरि जम्मा जनसंख्या २१५८ रहेको छ । यसवडामा आर्थिक बर्ष२०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजारमा खर्च रकम रु २८ लाख १७ हजार ५ सय ३० रुयैयाँका साथ ९५.४१ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

सामाजिकपरीक्षणका क्रममाशारदा नगरपालिका वडा नं ९ मा वडाध्यक्ष हेमेन्द्र कुमार बुढाथोकीसँग छलफल गरिएको थियो ।संघ र प्रदेशसंग पनि वडाबाट समन्वय गरेर थप बजेट प्राप्त गरी काम गर्न सकिएको देखिन्छ । पिके निर्माण सेवाका निर्माण व्यवसायीसंग समन्वय गरेर ९५ मिटर सडकका साथै वडाको फिल्ड निर्माण गरिएको छ । पालिकाबाट कृषकलाइ विउ विजन र उन्नत जातका बाखा वितरण समेत गरिएको छ । २३ वटा टोल रहेको शारदा नगरपालिकाको विकट वडामा धेरै योजना सम्बोधन गर्न नसकिएको र त्यसैमा लक्षित वर्गलाई समेटन सकिएको छैन । वडा कार्यालय पुग्न ३ घण्टा लाग्ने ठाउँहरु छन त्यसमा समस्या रहेको छ । वडासंगै रहेको आधारभ”त स्वास्थ्यकेन्द्रबाट हुने स्वास्थ्य सम्बन्धी सेवा सुविधा प्रदान गरिएको छ ।

**यस वडाबाट गत आर्थिक बर्षमा गरिएका राम्रा काम तथा अभ्यासहरु**

- विद्यालयको फिल्ड तथा मन्दिरको फिल्ड निमार्ण ।
- वडा कार्यालयसम्म सडक निमार्ण ।
- विद्यालयको घेरबार ।
- सडकमा दुर्घटना न्यूनीकरणका लागि तारजाली निमार्ण ।

**चुनौतीहरु**

- भुगोलको कारण सबै ठाउँमा यातायातको असहजता ।
- सामुदायिक विद्यालयमा भौगोलिक विकटताका कारण बालबालिका अनियमितता ।
- विद्युतको पहुच विस्तार हुननसकेको।

## (ञ) वडा नं १० को कार्यालय

शारदा नगरपालिका वडा नं १० साविक हिवल्चा गाउँ विकास समितिको वडा नं १,६,७ र ९ मिलेर बनेको छ । यस वडामा १९८९ जनसंख्या रहेको छ । आर्थिक बर्ष२०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजार रुपैयाँ बिनियोजनभएकोमा खर्च रकम रु २८ लाख १ हजार ३ सय ७४ रुपैयाँका साथ ९४.८७ प्रतिशत वित्तीय प्रगति भएको छ ।सामाजिक परीक्षणको लागि शारदा नगरपालिका वडा नं १० का वडाअध्यक्ष कृष्ण बहादुर बोहरासँग छलफल गरिएको थियो । वडाको भवन भाडामा संचालित रहेको र हाल १ करोड ४५ लाखमा १ तले ४ वटा कोठाको नयाँ भवन निमार्ण भएको छ । सडक खन्दा जग्गा विवाद हुने, खानेपानीमा पनि समस्या रहेको र जर्खुको खानेपानी आयोजना सम्पन्न पश्चात वडाका अधिकांश स्थानमा त्यही पानीबाट समस्या समाधान हुने देखिन्छ। कहिलेकसो सचिव विदामा हुदा पञ्जीकरणको काम रोकिने गरेको र जन्मदर, बसाईसराई तथा बालबालिका निजी विद्यालयमा जाने भएकाले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको छलफल रहेको छ। वडाको सिद्धपार्क पर्यटकीय हिसावले महत्वको स्थान हो । त्यसको विकासका लागि लगानी भैरहेको छ । आधारभ”त स्वास्थ्यइकाईको ३ कोठे भवन निमार्णको अवस्थामा रहेको छ । करारकै कर्मचारीबाट भएपनि नियमित सेवा प्रदान गरिरहेको छ ।

**यस वडाबाट गत आर्थिक बर्षमा गरिएका राम्रा कार्य तथा अभ्यासहरु**

- सीप विकास तालिम संचालन ।
- जेष्ठ नागरिक स्वास्थ्य चेकजाँच र समुदाय स्तरीय नि:शुल्क आँखा जाँच कार्यक्रमहरु संचालन ।
- अभिभावक शिक्षा कार्यक्रम संचालन र विरुवा वितरण र कृषिबाली निरीक्षण ।
- विद्यालय भौतीक संरचना निमार्ण तथा घेरबार ।

**चुनौती तथा समस्याहरु**

- वडा पूर्णरुपमा विद्युतीकरण नहुनु ।
- नागरिक शिक्षामा कमी ।
- वडाबाट संचालन हुने काममा दक्ष जनशक्तिको समस्या ।
- राजश्व व्यवस्थापन प्रणाली प्रभावकारी नहुनु ।

## (ट) वडा नं ११ को कार्यालय

शारदा नगरपालिका वडा नं ११ को वडा साविक हिवल्चा गाउँ विकास सिमितिको वडा नं २,३,४,५ र ८ मिलेर बनेको छ । यस वडामा महिला ९५८ पुरुष ९२९ गरि जम्मा १७८७ जनसंख्या रहेको छ । यस वडामा आर्थिक बर्ष२०८०/०८१ मा आर्थिक बर्ष२०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजार बिनियोजनभएकोमा २८ लाख ३६ हजार ९ सय ८१ रुपैयाँ खर्चका साथ ९६.९९ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

**यस वडाबाट गत आर्थिक बर्षमा भएका राम्रा कार्य तथा अभ्यासहरु**

- वडाको समन्वयमा एस ई ई दिने विद्यार्थीहरुलाई विद्यालयमा राखेर पढाउने व्यवस्था गरिएको ।
- विद्यालयको शैक्षिक सुधार तथा नतिजामा सुधार भएको ।
- खानेपानीको व्यवस्थाका लागि योजना अगाडि बढाईएको ।
- वडा पुर्ण खोपयूक्त खोप घोषणको निरन्तरता ।
- जेष्ठ नागरिक घरदैलो चेकजाँच कार्यक्रम संचालन।
- वडा मार्फत सुनौलो हजार दिनका आमाहरुलाई पोषणयूक्त खाना वितरणको व्यवस्था गरिएको ।
- वडाको आफ्नै ५ कोठे भवनबाट सेवा प्रदान गरिएको ।
- वडा कार्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरिएको ।
- वडाबाट सहज रुपमा सामाजिक सुरक्षा प्रदानका लागि व्यवस्था गरिएको ।
- अधिकांश घरधुरीमा विद्युतीकरण भएको र केहि घरमा मात्र विद्युतीकरण हुन बाँकी ।
- छाडा चौपायहरुको व्यवस्थापन गरिएको ।
- खैरावाङ मन्दिरको निमार्ण कार्य भैरहेको ।

**चुनौती तथा समस्याहरु**

- भौगोलिक विकटताका कारण वडामा विकास निमार्णमा द्रुत गतिमा लिन असहजता भएको ।
- बसाईसरी जानेको कारण बस्तीमा बसाई पातलो हुदै गैरहेको ।

## (ठ) वडा नं १२ को कार्यालय

शारदा नगरपालिका वडा नं १२ साविक स्यानीखाल गाउँ विकास समितिको वडा नं १,२,८ र ९ मिलेर बनेको वडा हो । यस वडामा महिला ११९६ पुरुष १००३ गरि जम्मा  २१९९ जनसंख्या रहेको छ । यस वडामा आर्थिक बर्ष२०८०/०८१ मा सम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु २९ लाख ५३ हजारमा खर्च रकम रु २८ लाख ९ हजार ९ सय २८ रुपैयाँ खर्चका साथ ९५.१६ प्रतिशत वित्तीय प्रगति रहेको छ ।सामाजिक परीक्षणको लागि वडा अध्यक्ष सुरेन्द्र बुढा, वडा सदस्यहरु, वडाका कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग छलफल गरिएको छ ।

**यस वडाबाट गत आर्थिक बर्षमा गरिएका केही राम्रा काम तथा अभ्यासहरु**

- विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठन र निजी विद्यालयका पाठ्यपुस्तकको व्यवस्था ।
- विद्यालयमा विधुतीय हाजिरीको व्यवस्था  र निशुल्क पोशाक वितरण ।
- विपन्न वर्गका बालबालिकाहरुको लागि छात्र, छात्रा बृद्धिबको व्यवस्था ।
- विद्यार्थी भर्ना अभियान घरदैलो कार्यक्रम ।
- आफ्नै वडाको भवनबाट सेवा प्रवाह गरिएको ।
- अनलाईन विद्युतीय हाजिर ।
- अशक्तहरुलाई सामाजिक सुरक्षा वितरण पश्चात घरघरमा यातायातको व्यवस्था ।
- जेष्ठ नागरिक, सुत्केरी महिला अपांगता भएका,अति विपन्नहरुको लागि जिल्ला अस्पताल सम्मको लागि आउन र जानको लागि यातायातको व्यवस्था ।
- अति अपांगता भएका व्यक्तिहरुको लागि नेपाली नागरिकता प्राप्त गर्नका लागि घरमै सीफारीस तथा जिल्ला प्रशासन कार्यालयसम्म यातायातको व्यवस्था ।
- एक घर एक धारा व्यवस्थाको लागि अन्तिम चरणमा रहेको ।
- कृषि तथा पशु सेवाको लागि टोल, टोलमा सेवा प्रवाह ।
- पौराणिक कला सस्कृति संरक्षण लाखे, ढोटा, मारुनी, सोरठी संरक्षण ।
- पौराणिक नामले चिनिएका पोखरी, चौतारी, कुवाहरुको संरक्षण ।

**चुनौती**

- छनौंट भई कार्यान्वयन भैरहेका आयोजना निमार्णमा ढिलाई ।
- सिमिति स्रोत साधानको कारण धेरै कार्यहरु सम्पन्न गर्न नसकिएको ।

## (ड) वडा नं १३ को कार्यालय

शारदा नगरपालिका वडा नं १३ साविक स्यानीखाल गाउँ विकास समितिको वडा नं ३,४,५,६ र ७ मिलेर बनेको वडा हो । यस वडामा महिला ११२९ पुरुष ९६६ गरि जम्मा जनसंख्या २०९५ छ । यस वडामा आर्थिक बर्ष २०८०/०८१ मासम्पन्न कार्यक्रम, आयोजना र क्रियाकलापहरुमा जम्मा बजेट बिनियोजनरकम रु ३० लाख **३ हजार मा रु २८** लाख ९९ हजार २४ रुपैयाँ खर्चका साथ वित्तीय प्रगति ९४.०३ प्रतिशत रहेको छ ।सामाजिक परीक्षणको लागि वडा अध्यक्ष जंग बहादुर बुढा, वडा सदस्यहरु, वडाका कर्मचारीहरु, वडाका अन्य सरोकारवालाहरुसँग छलफल गरिएको थियो ।

**यस वडाबाट आर्थिक बर्ष २०८०/०८१ मा गरिएका राम्रा अभ्यासहरु**

- ❖ शिक्षा दिवशको दिनमा उतकृष्ट बालकालिकाहरुलाई छात्रवृत्ती प्रदानर अभिभावक, शिक्षक शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरुलाई सम्मान ।
- ❖ मौलिक सस्कृती संरक्षणका कार्यक्रमहरु प्रर्वद्धन ।
- ❖ ४५ जना जेष्ठ नागरिकहरुलाई सम्मान ।
- ❖ खेलकुदको विकासको लागि प्रत्येक बर्ष वडा कपलाई प्राथमिकता ।

- ❖ बर्षे तथा हिउँदे फलफुलका बिरुवा वितरण तथा अनुगमन ।
- ❖ पोषण कोसेली वितरण गर्ने गरिएको ।
- ❖ आफ्नै वडाको भवनबाट सेवा प्रदान गरिएको ।

**चुनौतीहरु**

- ❖ वडामा रहेको स्वास्थ्य चौकीमा प्रस्तुती हुन नसकेकोहरुलाई जिल्ला अस्पताल सम्म प्रसुती यातायात सेवा शुल्कको व्यवस्था भएतापनि सेवा गर्ने अवसर नआएको ।
- ❖ योजना अनुसारको बजेटको अभाव रहेको कारण योजना कार्यन्वयनमा समस्या ।
- ❖ विपद व्यवस्थापन कोषको स्थापना गर्न नसकिएको ।

## (ढ) वडा नं १४ को कार्यालय

शारदा नगरपालिका वडा नं १४ साविक डाँडागाउँ गाउँ विकास समितिको वडा नं ६,७,८ र९ मिलेर बनेको वडा हो । यस वडामा महिला ९६२ पुरुष ९३२ गर जम्मा १८९४ जनसंख्या रहेको छ । यस वडामा २०८०/०८१ मा विनियोजित बजेट रकम रु २९ लाख ६५ हजारमा खर्च रकम रु २९ लाख ८८ हजार ३ सय ५५ खर्चका साथ ९८.०९ प्रतिशत वित्तीय प्रगति रहेको छ । सामाजिक परीक्षणको लागि वडा अध्यक्ष प्रकाश पुन, वडा सदस्यहरु, वडाका कर्मचारीहरु लगाएत अन्य सरोकारवालाहरुसँग छलफल गरिएको थियो ।

**यस वडाबाट गत आर्थिक बर्षमा सम्पन्न गरिएका तथा संचालनका रहेका केहि अभ्यास तथा कार्यहरु**

- पधेरोमा जाने गोरेटोबाटो ४०० मिटर सिढीको निमार्ण साथै पधेरो नजिक शौचालय निमार्ण ।
- जंगलको बीचमा रिचार्ज पोखरीहरु निमार्ण गरिएको छ ।
- हरेक टोलको पधेरो र मसानघाटमा सोलार बत्तिको जडान गरिएको छ ।
- वडाका सम्पूर्ण जेष्ठ नागरिक र अपांगहरुलाई रेडियो वितरण सहित सम्मान गरिएको छ ।

**चुनौतीहरु**

- विकास निमार्णका कार्यहरु गर्न तथा पिउनको लागि पानीको चुनौती ।
- अदुवाको बजारीकरण र भण्डारणको समस्या ।
- कालिका आधारभ"तविद्यालयको भवन जीर्ण अवस्थामा भएको ।
- बरला देखि माल्नेटा ढाँरखानी कृषि सडकको स्तर उन्नती ।
- लेखापोखरा भगवती पार्कको व्यवस्थापन ।
- शारदा नगरपालिकाको १४ नं वडा र सिद्ध कुमाखको वडा नं. ३ ढोरचौर आवतजावत गर्न खोलाको कारण समस्या ।

## (ण) वडा नं १५ को कार्यालय

शारदा नगरपालिका वडा नं १५ साविक डाँडागाउँ गाउँ विकास समितिको वडा नं १,२,३,४ र ५ मिलेर बनेको वडा हो । यस वडामा महिला १४१४ पुरुष १३११ गरि जम्मा २७२५ जनसंख्या रहेको छ । यस वडामा आर्थिक बर्ष२०८०/०८१ मा विनियोजित बजेट रकम रु २९ लाख ५३ हजारमा २६ लाख ७५ हजार ७ सय ३९ रुपैयाँ खर्चका साथ ९०.६१ प्रतिशत वित्तीय प्रगति रहेको छ । सामाजिक परीक्षणका लागि वडा अध्यक्ष लोकमान बुढाथोकी, वडा सदस्यहरु, महिला स्वास्थ्य स्वयंसेवीकाहरु अन्य सरोकारवालाहरुसँग छलफल गरिएको थियो ।

**यस वडाबाट गत आर्थिक बर्षमा गरिएका राम्रा अभ्यास तथा राम्रा कामहरु**

- वडा नं १५ को सिम्तरामा जोखिम बस्तीहरुको सुरक्षाको लागि तारजाली ।
- चौरगाउँ डाँडागाउँमा गोरेटोबाटे निमार्ण भएको ।
- वडा नं १५ को छापमा विद्युतिकरणको तयारी ।
- ४ वटा सिचाई कुलो निमार्ण गरिएको ।

- वडाध्यक्षको व्यक्तिगत लगानीमा सिलाई कटाई तालिम ।
- सीपमूलक तालिम संचालन ।
- विद्यालयमा पोशाक वितरण ।
- शिव प्राबीमा घेरबारको कार्य ।

**चुनौतीहरु**

- लागत सहभागितामा हुने कामहरुमा नागरिकको सहभागिता।
- नागरिकका सबै माग सम्बोधन गर्न ।
- भौगोलिक रुपमा छरिएको बस्ती र सिमितस्रोत साधान ।
- खानेपानीको समस्या।

## १५ स्वास्थ्य चौकी तर्फ

### (क) खलंगा स्वास्थ्य चौको

शारदा नगरपालिका वडा नं १ मा रहेको खलंगा स्वास्थ्य चौकीश्रीनगरमा रहेको छ । यस स्वास्थ्य चौकीमा ६ जनाको दरबन्दी रहेको छ । हाल यस स्वास्थ्य चौकीमा दरबन्दी अनुसारको पुरा रहेको पाईयो । यस स्वास्थ्य चौकीबाट कुष्टरोग, क्षयरोग,औलो रोगको उपचार सेवा प्रदान गरिएको छ ।

**राम्रा अभ्यासहरु**

- ❖ पुर्ण खोपयूक्त वडा घोषणा गर्न महत्वपूर्ण भुमिका खेलेको ।
- ❖ पोषण कार्यक्रम अन्तर्गत वृद्धि अनुगमनको प्रगती भएको, गत बर्ष १३ पटकमा भएको र यस पटक १९ पटक रहेको तथ्यांक रहेको ।
- ❖ गर्भवती तथा सुत्केरी सेवा लिने महिलाहरुको संख्यामा वृद्धि भएको।
- ❖ जेष्ठ नागरिक घर, भेट कार्यक्रम निरन्तर संचालनमा रहेको ।
- ❖ सबै विद्यालयमा किशोर, किशोरी कार्यक्रम संचालन गरिएको ।
- ❖ विरामीको उपचार तथा परामर्शका लागि मासिक ६०० माथि सेवा प्रदान गरिएको ।
- ❖ स्वास्थ्य चौकीमा अनलाईन हाजिरीको व्यवस्था भएको ।

**चुनौतीहरु**

- ❖ संस्थाको भवन सानो भएको कारण सेवा प्रवाहमा समस्या ।
- ❖ भौतीक संरचनाको अभावमा स्वास्थ्य चौकीको फोहर व्यवस्थापनमा समस्या ।
- ❖ सामुदायिक स्वास्थ्य सस्थामा ल्याव नहुदा नजिकै रहेका निजी अस्पतालमा ल्याव सेवाका लागि विरामीहरु जाने ।

### (ख) आधारभूत स्वास्थ्य सेवा केन्द्र वडाखोला

शारदा नगरपालिका वडा नं ३ मा रहेको आधारभ"त स्वास्थ्यसेवा केन्द्र वडाखोलामा रहेको छ । स्वास्थ्य चौकीमा अहेव १ जना, अनमी १ जना र कार्यालय सहयोगी १ गरी जम्मा ३ जनाको दरबन्दी रहको छ । आधारभूत स्वास्थ्यचौकीको आफ्नै ३ वटा कोठा भएको भवनबाट पेवा प्रवाह गरिरहेको छ ।

**राम्रा अभ्यासहरु**

- सुनौलो हजार दिने आमाहरुको लागि पोषणयूक्त सामाग्री वितरण ।
- जेष्ठ नागरिक घरदैलो स्वास्थ्य चेकजाँच।
- परिवार नियोजनको सेवा प्रदान ।
- मातृ शिशुहरुको लागि उपचार ।

- गर्भवती चेकजाँच ।
- जेष्ठ नागरिकहरुलाई मनोरञ्जन ।
- ओपिडी सेवा निरन्तर ।
- मानसिक विरामीहरुको लागि परामर्श प्रदान गरिएको ।

**चुनौती**

- स्वास्थ्य संस्थाको वरिपरि घेरबार नभएको कारण असुरक्षित तथा बोटविरुवा हुर्कन नपाएको ।

### (ग) सजवाल टाकुरा स्वास्थ्य चौकी

शारदा नगरपालिका वडा नं ४ मा रहेको सेजवाल टाकुरा स्वास्थ्य चौकी पिपलनेटामा रहेको स्वास्थ्य चौकीमा जम्मा ६ जना कर्मचारीहरुमा १ जना जनस्वास्थ्य निरीक्षक, सि अहेव २ जना, २ जना सि अनमी, १ जना कार्यालय सहयोगीको व्यवस्था रहेको छ । आफ्नै भवनबाट सेवा प्रवाह भएपनि जग्गा विद्यालको रहेको छ । ४ वटा कोठा रहेको छ । साथै यस वडामा शहरी स्वास्थ्य केन्द्र संचालनमा रहेको छ ।

- पुर्ण खोप युक्त वडा अभियान संचालन ।
- जेष्ठ तथा अपांगता भएका नागरिकहरुलाई घरभेट स्वास्थ्य जाँच कार्यक्रम संचालन ।
- सुत्केरी महिलाहरुको लागि उपमेयर पोषण कोसेली कार्यक्रम संचालन ।
- बृद्धि अनुगमन अघिल्लो बर्षको तुलनामा सुधार ।
- विद्यालयमा स्वास्थ्य सम्बन्धी कक्षा संचालन ।
- मनोसामाजिक परामर्श तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रदान ।
- किशोरी पोषण कार्यक्रम संचालन ।

**चुनौती तथा समस्या**

- आफ्नै जग्गामा भवन नभएको कारण स्वास्थ्यको मापदण्ड अनुसार पुरा गर्न नसकनु।

### (घ) आधारभूत स्वास्थ्य सेवा केन्द्र रानीकोट

शारदा नगरपालिका वडा नं ५ कोआधारभूत स्वास्थ्यसेवा केन्द्र रानीकोटमा रहेको छ । यस केन्द्रमा ३ जनाको दरबन्दी रहेको छ । जसमा १ जना अहेव, १ जना अनमी १ जना कार्यालय सहयोगी रहेको केन्द्रको आफ्नै भवनबाट सेवा प्रदान गरिएको छ ।

- घर,घरमा केन्द्रबाट जेष्ठ नागरिक चेकजाँचका कार्यक्रम ।
- उप प्रमुख सुत्केरी कोसेली कार्यक्रम र सुत्केरी घरदैलो भेटबाट।
- गर्भवती चेकजाँच सेवा प्रदान र पोषण वितरण ।

**चुनौती तथा समस्याहरुरु**

- स्वास्थ्य चौकीमा खानेपानीको समस्या र घेरबारको समस्या ।

### (ङ) आधारभत स्वास्थ्यसेवा केन्द्र मद्मकांडा

शारदा नगरपालिका वडा नं ६ मा रहेको आधाभूत स्वास्थ्य सेवा केन्द्रमा मिति २०८२ जेष्ठ २७ गतेको दिन सामाजिक परीक्षणका लागि कार्यालयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । सेवा केन्द्रको इन्चार्ज निर्मला बुढाथोकी भएपनि काम, काजको लागि बाहिर जानु भएको जानकारी गराउनु भएको थियो । कार्यालयमा अनमी तुलसा के सी सँग अन्तरबार्ता गरिएको थियो । कार्यालयमा जम्मा ३ जनाको दरबन्दी रहेको भएको थियो । सेवा केन्द्रबाट परिवार नियोजन, ओपिडि, पि एन सी, एएनसी सेवा प्रदान गरिएको छ ।

- औषधीको उपलब्धता भएको र बिरामीको स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा प्रति विश्वास रहेको ।
- पुर्ण खोपयूक्त वडाको निरन्तरता र पि.एन. सी.र ए एन सी सेवा प्रभावकारीता रहेको।
- यस बर्ष उप मेयर कोसेली वितरण गरिएको र जेष्ठ नागरिकको घरदैलोमा उपचार तथा चेकजाँच ।

**चुनौती**

- स्वास्थ्य संस्थाको भवन जिर्ण तथा प्रयाप्त मात्रामा नभएको ।
- खानेपानीको व्यवस्था नभएको ।
- स्वास्थ्य चौकीमा घेरबारको व्यवस्था नभएको ।
- स्वास्थ्य संस्थाको भवनमा पानी चुहिने भएको ।
- स्वास्थ्य संस्थाको भवन अन्य ठाउँमा निमार्ण भएको कारण नयाँ भवनबाट सेवा प्रदान गर्नु पर्ने ।

## (च) कजेरी स्वास्थ्य चौकी

शारदा नगरपालिका वडा नं ७ मा रहेको कजेरी स्वास्थ्य चौकीमा ८ जनाको दरबन्दी रहेको छ । ८ जना दरबन्दीमा२ जनाएच ए ५ वर्षे चिकितसा विज्ञान अध्ययन विदामा र १ जना सि अनमी ३ बर्षे अध्ययन बिदामा रहेको पाईयो । हाल स्वास्थ्य संस्थामा ५ जना कार्यरत जनशक्ति देखिन्छ । स्वास्थ्य संस्थाबाट प्रसुती सेवा, ओपिडी सेवा, परिवार नियोजन सेवा रहेको छ । प्रयाप्त भौतिक पुर्वाधारका साथ आफ्नै भवन रहेकाछ । स्वच्छ खानेपानीको व्यवस्था रहेको र अपांगमैत्री स्वास्थ्य संस्था रहेको छ ।

**स्वास्थ्य चौकीबाट प्रदान गरिएका राम्रा अभ्यास तथा सेवाहरु**

- पुर्ण खोपयूक्त वडा भएको ।
- विद्यालयमा स्वास्थ्य शिक्षा प्रदान गरिएको ।
- किशोर किशोरी स्वास्थ्य सेवा प्रदानको सुरुवात गरिएको ।
- ग्रामीणभिडियो एक्सरे सेवा प्रदान गरिएको ।

**चुनौतीहरु**

- दरबन्दी अनुसारको कर्मचारी नहुदा काममा असहजता ।
- बर्थिङ सेन्टरमा विधुतको नियमित व्यवस्था नभएको सोलार प्रविधिले राम्रो काम नगरेको ।

## (छ) मार्के स्वास्थ्य चौकी

शारदा नगरपालिका वडा नं ८ मा मार्के स्वास्थ्य चौकी रहेको छ । यस स्वास्थ्य चौकीमा ८ जनाको दरबन्दी रहेकोमा १ जना एच ए, २ जना सि अहेव, २ जना सि अनमी, १ जना अनमी २ जना कार्यालय सहयोगी रहेका छन् । यस संस्थामा २ वटा भवन रहेकोमा १ वटा बर्थिङ सेन्टर अर्को भवनबाट ओ पि डि, प्रशासन र स्टोर रहेकोछ । सेवाग्राहीको स्वास्थ्य संस्था प्रति विस्वास रहेको पाईन्छ ।

**स्वास्थ्य चौकीबाट प्रदान गरिएका राम्रा तथा केहि अभ्यासहरु**

- मानसिक स्वास्थ्य परामर्श सेवा ।
- सुरक्षित गर्भपतन सेवा ।
- सुरक्षित प्रस्तुती सेवा, परिवार नियोजना सेवा ।
- खोपयूक्त वडा, बच्चाको वृद्धि अनुगमन ।
- घर,घरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण ।
- ओटिसी सेन्टर संचालन ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।
- किशोर किशोरी स्वास्थ्य सेवा ।

**चुनौती तथा समस्था**

- मापदण्ड अनुसारको भवनको प्रयाप्तता नभएको ।
- अपांगमैत्री स्वास्थ्य चौकी नभएको ।

### (ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र दोभान

शारदा नगरपालिका वडा नं ९ को आधारभूत स्वास्थ्य सेवा केन्द्र दोभानमा रहेको छ । ३ जना दरबन्दी रहेको यस स्वास्थ्य संस्थामा १ जना अहेव, १ जना अनमी र १ जना कार्यालय सहयोगी कार्यरत रहनु भएको छ ।

- ओपिडी सेवा प्रदान गरिएको।
- परिवार नियोजन सेवा ।
- खोपयूक्त वडा, बच्चाको वृद्धि अनुगमन ।
- घर,घरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।

### (झ) आधारभूत स्वास्थ्य सेवा केन्द्र मदाना

शारदा नगरपालिका वडा नं १० को आधारभूतस्वास्थ्य केन्द्रको कार्यालय मदानामा रहेको छ। यस स्वास्थ्य केन्द्रमा १ जना अहेव, १ जना अनमी १ जना कार्यालय सहयोगीको व्यवस्था रहेको छ । यस संस्थाले भवनको ३ वटा कोठाबाट सेवा प्रदान गरिएको छ ।

- ओपिडी सेवा संचालन भएको ।
- परिवार नियोजन सेवा ।
- बच्चाको वृद्धि अनुगमन ।
- घरघरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।

**चुनौती तथा समस्या**

- खानेपानीको समस्या रहेको छ ।

### (ञ) हिवल्चा स्वास्थ्य चौकी

शारदा नगरपालिका वडा नं ११ को स्वास्थ्य चौकी हिवल्चामा रहेको छ । स्वास्थ्य चौकीमा २ तले ६ वटा कोठा रहेको छ । आफ्नै साढे ६ रोपनी जग्गा रहेको छ । सामाजिक परीक्षणको लागि मिति २०८२ जेष्ठ २८ गते स्वास्थ्य चौकीका इन्चार्ज जन स्वास्थ्य निरीक्षक जीवन बुढाथोकी लगाएत स्वास्थ्यका अन्य कर्मचारी, वडा सचिव लगाएत अन्य सरोकारवालाहरुको सहभागितामा छलफल गरिएको थियो । साथै वडाको पेदिमा शहरी स्वास्थ्य केन्द्र संचालन गरी सेवा प्रदान गरिएको छ ।

**सामाजिक परीक्षणका क्रममा देखिएका राम्रा कार्यहरु**

- पूर्ण खोपयूक्त वडा घोषणा भएको ।
- किशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गरिएको ।
- मानसिक स्वास्थ्य परामर्श सेवा ।
- सुरक्षित गर्भपतन सेवा ।
- सुरक्षित प्रस्तुती सेवा, परिवार नियोजन सेवा ।
- खोपयूक्त वडा, बच्चाको वृद्धि अनुगमन ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।
- जेष्ठ नागरिक घरदैलो स्वास्थ्य चेकजाँच कार्यक्रम ।
- अपांगमैत्री शौचालयको व्यवस्था भएको ।

**समस्या तथा चुनौतीहरु**

- भवनमा आन्तरिक पाईपलाईन खरावीका कारण पानी चुहावट हुने समस्या ।

## (ट) आधारभत स्वास्थ्य सेवा केन्द्र डांग्री

शरदा नगरपालिका वार्ड नं. १२ को डाँग्रीमा रहेको आधारभूतस्वास्थ्य सेवा केन्द्रमा ३ जनाको दरबन्दी रहेको छ । जसअनुसार १ जना अहेव, १ जना अनमी १ जना कार्यालय सहयोगी दरबन्दी रहेको छ । यस आधारभूत स्वास्थ्य चौकीमा भवन २ वटा रहेको र ५ वटा कोठा रहेको छ । यस स्वास्थ्य चौकीमा मासिक ३०० देखि माथि विरामीहरुको स्वास्थ्य चेकजाँच सेवा तथा परामर्श लिने स्वास्थ्य चौकीको तथ्याकंमा देखिन्छ । आधाभूत स्वास्थ्य चौकीबाट पाईने औषधीको उपलब्धता रहेको छ । सेवाग्राहीसँगको छलफलमा स्वास्थ्य चौकीको स्थापना भए पश्चात सेवा नजिकैबाट प्राप्त गरेको र सहज भएको जानकारी प्राप्त भएको थियो ।

**आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिएका राम्रा कार्य तथा अभ्यासहरु**

- ❖ प्रसुती सेवाको लागि गर्भवती महिलाहरुलाई स्वास्थ्य चौकी सम्म यातायातको व्यवस्था ।
- ❖ नजवात शिशुहरुको लागि अण्डा वितरण कार्यक्रम संचालन गरिएको ।
- ❖ जेष्ठ नागरिकहरुलाई स्वास्थ्य चौकी सम्मको लागि यातायातको व्यवस्था ।
- ❖ जेष्ठ नागरिक चेकजाँच घरदैलो कार्यक्रम संचालन ।
- ❖ सुत्केरी महिलाहरुको लागि पि एन सी घरदैलोमा प्रदान गरिएको ।
- ❖ विद्यालयमा स्वास्थ्य शिविर संचालन गरिएको ।

**नागरिकको अपेक्षा**

- ❖ आधारभूत स्वास्थ्यसंस्थामा सेवा लिन आउने नागरिक सलाईन, एन, एस, पहिले विरामीहरुको लागि व्यवस्था गरेको र हाल नभएको हुँदा नागरिकले अपेक्षा गरेको पाईन्छ ।

## (ठ) स्यानीखाल स्वास्थ्य चौकी

शारदा नगरपालिका वार्ड नं. १३ मा रहेको स्यानीखाल स्वास्थ्य चौकीमा ६ जनाको दरबन्दीमा ५ जना रहेको पाईयो । नेपाल सरकारले मापदण्ड र तोकिय बमोजिमका खोप कार्यक्रम, बालबालिकाको वृद्धि मनिटरिङ, परिवार नियोजनाका कार्यक्रमहरु, रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु, वर्थिङ सेन्टर लगाएतका कार्यक्रमहरु संचाल गरिएको थियो ।

**स्वास्थ्य चौकीबाट प्रदान गरिएका राम्रा कार्य तथा अभ्यासहरु**

- ❖ पूर्ण खोपयूक्त घोषणा वडाको दिगोपना निरन्तरता दिईएको ।
- ❖ किशोर, किशारी स्वास्थ्य सेवा प्रदान गरिएको र किशोर, किशोरी स्वास्थ्य चौकी घोषणाका लागि प्रक्रिया अगाडि बढेको ९१ प्रतिशत पुरा गरिएको ।
- ❖ सुत्केरी महिलाहरुको लागि पोषण कोसेली कार्यक्रम संचालन गरिएको ।
- ❖ औषधीको प्रयाप्त मात्रामा उपलब्धता रहेको छ ।
- ❖ समुदाय तथा विरामीको स्वास्थ्य चौकी प्रति विश्वार रहेको पाईन्छ ।
- ❖ सुमदायले साझेदारीको रुपमा बनको भवनमा औषधी व्यवस्थापनको लागि उपलब्धता गराएको।
- ❖ अपांगमैत्री शौचालय भएको ।
- ❖ स्वास्थ्य चौकी मर्मत तथा प्रतिक्षालय निमार्णका लागि सहयोगीदाताहरुको सहयोग ।
- ❖ स्तनपान तथा आमा भान्साघरको व्यवस्था ।

**चुनौती**

- ❖ स्वास्थ्य क्षेत्रमा सहयोग गर्ने दातृ निकायको सहयोग रोकिदा परिवार नियोजनाका साधनको अभाव बढन सक्ने ।
- ❖ प्रदेश मातहत खरिद गर्नु पर्ने उच्च रक्त चापको औषधीको प्रयाप्त मात्रामा नरहेको ।
- ❖ भवनको तापक्रम व्यवस्थापन सहितको नभएको ।
- ❖ मानसिक स्वास्थ्य समस्या सम्बन्धीका बिरामीहरुले नियमित औषधी सेवन गर्न नसकेको ।

## (ड) आधारभूत स्वास्थ्य सेवा केन्द्र ठाडाढुंगा

### (क) मानवीय संसाधन

शारदा नगरपालिका वडा नं १४ मा रहेको आधारभूत स्वास्थ्य केन्द्र ठाडाढुंगामा ३ जनाको दरबन्दि रहेको छ । अहेव चौथो तहमा १ जना, १ जना अनमी, एक जना कार्यालय सहयोगीको दरबन्दीको व्यवस्था रहेको छ । यस आधारभूत स्वास्थ्य केन्द्रमा ४५० घरपरिवार सेवाग्राहीहरु रहेको छन् ।

### आर्थिक श्रोत

आधारभूत स्वास्थ्यकेन्द्र संचालनका लागि वडा र नगरपालिकाबाट संचालनका लागि आर्थिक तथा भौतिक सामाग्रीको व्यवस्था गर्ने गरिएको छ ।

### भौतिक सम्पती

भवनमा ३ वटा कोठा रहेको र स्टोर, ओपिडी, ए.एन सी चेकजाँच कक्ष संचालनमा रहेको छ । भौतिक संरचना घेरबार गरिएको छ । सुरक्षित स्थानमा निमार्ण गरिएको छ । खानेपानीको व्यवस्था हाल नभएको कारण खानेपानी धारा निमार्ण गर्नु पर्ने देखिन्छ । स्वास्थ्य सेवा केन्द्रमा गाग्रीमा पानी लिनको लागि करिव १ घण्टा बढी समय लाग्ने देखिन्छ । कुर्सी, टेवुल, आवश्यक सामाग्रीको व्यस्था रहेको छ ।

### सामाजिक सम्पत्ति

स्वास्थ्य सेवा केन्द्रमा समुदायमा रहेका नागरिकहरुको स्वास्थ्य सेवा केन्द्रप्रति भरोसा रहेको र आवश्यक पर्दा सबैको साथ पाउने गरेको देखिन्छ ।

### औषधीको उपलब्धता

औषधीको उपलब्धता प्रयाप्त मात्रामा रहेको छ । गत बर्षमा पोषण सामाग्री वितरण, जेष्ठ नागरिक चेकजाँच घरदैलो कार्यक्रम, अपांगता भएका हरुको चेकजाँच ३ महिनाको अन्तरमा गर्ने गरिएको र विद्यालयमा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कक्षा, चेकजाँच गर्ने गरिएको छ । सामाजिक परीक्षण गरिएको बर्षको विरामी जाँच संख्या जम्मा २८१० जनाले चेकजाँच गराएको विवरण उल्लेख छ ।

## (ढ) डाँडागाउँ स्वास्थ्य चौकी

डाँडागाउँ स्वास्थ्य चौकीशारदा नगरपालिका वडा नं १५ को माल्नेटामा रहेको छ । यस स्वास्थ्य चौकीमा प्यारामेडिक्स तर्फ ३ र नर्सिङ तर्फ २ गरि जम्मा ५ जनाको दरबन्दी रहेको छ । आर्थिक स्रोत यस स्वास्थ्य चौकीमा नगरपालिकाबाट सामाग्री तथा औषधीको व्यवस्था गर्ने गरिएको छ । भौतिक सम्पत्ति यस स्वास्थ्य चौकीमा आफ्नै जग्गा र भवनमा संचालन गरिएकोमा हाल ३ वटा कोठा रहेको छ । पानीको उपलब्धता भएको शौचालयको व्यवस्था भएको औषधीको उपलब्धता भएको सामाजिक सम्पत्ति समुदायको सक्रियता राम्रो रहेको छ ।

### स्वास्थ्य चौकीबाट प्रदान गरिएका राम्रा कार्य तथा अभ्यासहरु

- सेवा प्रति नागरिकहरुको विश्वास रहेको पाईन्छ र आवश्यक्ता अनुसारको औषधी उपलब्ध्ध भएको
- जेष्ठ नागरिकलाई घरमै गएर चेकजाँच सेवा प्रदान गर्ने गरिएको ।
- पुर्ण खोपयूक्त बनाउन सक्रिय भुमिका ।
- सचेतनामूलक कार्यक्रम संचालन गरिएको

### सुधार गर्नुपर्ने

- भौतिक संरचना नयाँ निमार्ण गर्नुपर्ने ।
- घेरबार गर्नुपर्ने ।
- उच्च रक्तचापको औषधी प्रयाप्त व्यवस्था ।

## १६. शारदा नगरपालिका सल्यानको नविनतम कार्यहरु

- शारदा नगरपालिका र ललितपुर महानगरपालिका, ललितपुर तथा तारकेश्वर नगरपालिका, काठमाण्डौ बीचमा भगेनी (मित) सम्बन्धको सुरुवातले गर्दा अन्य पालिका तथा क्षेत्रमा पनि यो विस्तार हुन सक्ने देखिन्छ ।
- शारदा नगरपालिक सल्यानले सुन्दर र आकर्षक बसपार्क निमार्ण गरेको छ र बजारको सौन्दर्यता बढाउन बजारमा फुलहरुले सजिएको, बजारमा हाईमस्त लाईट जडान, सिसि क्यामेराको जडान तथा निगरानी, सौय प्रणाली जडान तथा मर्मत मार्फत सुरक्षित शारदा बनाउन मेहनत गरिएको ।
- नगरपालिका भित्रमा खानेपानीका ठुला, ठुला आयोजनाहरु अगाडि बढाईएको र यसले नगरपालिकाको दिगो विकास र समृद्धिको परिकल्पनालाई पुरा गर्न सहयोग पुग्ने।
- बजार क्षेत्र व्यवस्थापन गर्न बजार सुन्दरताका लागि अटोभिलेजको छुट्टै व्यवस्थापन गरिएको र वडाका विभिन्न ठाउँहरुमा सौर्य प्रणाली जडान गरिएको।
- नगरपालिकाले शिक्षा लाई प्राथमिकतामा राखेर शिक्षाका योजना गतिविधि, सिकाई, योजना शिक्षक व्यवस्थापन, तालिम, भौतीक संरचना निमार्ण गरिएको र जिल्लामा एक मात्र गरिव, जेहनदार र टुहुरा बालबालिकाहरुको लागि आवासीय विद्यालय संचालन गरेको हुदा जिल्लाका अन्य लक्षित बालकालिकाहरुको शैक्षिक व्यवस्थापन गर्न सहज भएको ।
- शारदा नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न खैरावाङ मन्दिरको निमार्ण, बुद्धपार्कको निमार्ण, तथा अन्य ठाउँमा पनि पार्कहरुको निमार्ण गरिएको ।
- पालिका भित्रका घरहरुको सुरक्षाका लागि नागकिहरुको घरहरुको बीमा कार्यक्रम संचालन गरिएको ।
- शारदा नगरपालिका सल्यानले पढाईमेलाको नयाँ कार्यको सुरुवात गरेको कारण अन्य पालिकामा समेत सिकाई तथा विस्तार भएको ।
- योजना छनौटका लागि नागरिकहरुसँग, साझेदार निकाय, पत्रकार र सरोकारवालाहरुसँग सुझाव संकलन गर्ने अभ्यासको विकास गरिएको ।
- शारदा नगरपालिका सल्यानले रोजगारीका कार्यक्रम संचालन तथा सीप विकास तालिम र प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गरिएको ।
- फलफुलका विरुवा वितरणका कार्यक्रम संचालन तथा नियमित अनुगमनको व्यवस्था वडा तहमै प्राविधिकको व्यवस्था गरिएको
- विद्यालयमा स्टाफ नर्सको व्यवस्था गरी स्वास्थ्य सेवा तथा स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान गर्ने गरिएको ।
- पालिकालाई पूर्णखोपयूक्त पालिकाको निरन्तरता तथा जेष्ठ नागरिक घरदैलो चेकजाँच सेवा प्रदान गरिएको ।
- शारदा नगरपालिका सल्यानले करको दायरा भित्रका क्षेत्रहरु करको दायरामा ल्यायर जिम्मेवार नागरिक बन्नका लागि पहल गरिएको ।
- शारदा नगरपालिका सल्यानले योग शिविर संचालन र सुरुवात गरेको कारण अन्य स्थानीय तहमा पनि अभियानका रुपमा संचालन भएको ।
- शारदा नगरपालिका सल्यानले बैंकहरुको सहकार्यमा सामाजिक सुरक्षा वापतको भत्ता घर, घरबाट वितरण गर्ने प्रणालीको विकास गरि सेवा प्रवाह गरिएको ।
- शारदा नगरपालिका सल्यानले किसान सम्मेलन, जेष्ठ नागरिक खेलकुद, क्रिकेट प्रतियोगिता, यूवा सम्मेलन, आफ्नै नगरको लोगो, स्वास्थ्य शिविर, सीप मूलक तालिम संचालन, सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन पेश गर्दाको मिति सम्म १०९ वटा कानुन निमार्ण गरेका र नगरपालिकाले व्यामशालाको स्थापना, शिक्षक दरबन्दी मिलान जस्ता महत्वपूर्ण कार्यक्रमको सम्पन्न ।

## १७ सुशासन र पारदर्शिताका लागि गरिएका प्रयासहरू

शारदा नगरपालिकाले सुशासन र पारदर्शिताका लागि त्रैमासिक रुपमा स्वतः प्रकाशन, मासिक रुपमा खर्च सार्वजनिकरण, चौमासिक रुपमा सार्वजनिक सुनुवाईका कार्यक्रम संचालन गरिरहेको,नागरिक सन्तुष्टी सर्वेक्षण, बार्षिक तथा अर्ध वार्षिक प्रगति समीक्षा, नागरिकसँग अन्तरक्रिया कार्यक्रम संचालन, सूचना तथानगरपालिकाको गतिविधिहरु नारपालिकाको फेसबुक पेज र वेवसाईडमा अपलोड गर्ने गरिएको, सरोकारवालाहरुसँग छलफल गर्ने र सुझाव लिने अभ्यास गर्नुका साथै संघ तथा प्रदेश सरकारलाई नियमित प्रतिवेदन पठाउनेगरिएको छ ।

## १८ सामाजिक जिम्मेवारी र कार्य सम्पदानको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | ३४५८५ | सबै नागरिकहरु स्वास्थ्य संस्था सम्म पुग्नको लागि आधारभूत स्वास्थ्यइकाई स्थापना तथा यातायातको सुविधाको लागि बाटोको व्यवस्था गरिएको छ । | सबै नागरिकहरु स्वास्थ्य संस्थामा पहुँच भएको छ । |
| ५बर्ष मुनीका बालबालिकाको प्रतिशत | ८ प्रतिशत | बालबालिकाहरुको लागि सुरक्षित राख्नका लागि पूर्ण खोपयूक्त अभियान संचालन गरिएको छ । | खोपयूक्त, बालमैत्री सिकाईको विकास भएको |
| खोपमा पहुच भएको जनसंस्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ९५ प्रतिशत | पूर्ण खोपयूक्त वडा तथा पालिकाको निरन्तरता | पूर्ण खोपयूक्त पालिका घोषणा भएको छ । |
| ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ३४३ प्रतिशत जिल्ला अस्पताल सहितको | पालिकाबाट सबै वडामा गर्भवती जाँच सेवा प्रदान र जिल्ला अस्पताल शारदा नगरपालिका भित्र भएको कारण थप सहज भएको । | यो तथ्यांक जिल्ला अस्पताल सहितको भएको कारण प्रतिशत बढी रहेको छ । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराएकामहिलाको संख्या | ९३ प्रतिशत संख्या ३९४जना अस्पताल सहित । | सबै स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिएको । | स्वास्थ्य संस्थामा प्रसुती सेवा प्रदान गरिएको । |
| झाडा पखालाबाट मृत्यु | छैन | जनचेतनामूलक कार्यक्रम | झाडा पखालाबाट मृत्यू हुने |

| | | | |
|---|---|---|---|
| हुने बालबालिका संख्या | | संचालन गरिएको । | संख्या शून्य रहेको । |
| स्वास्थ्य संस्थाबाट सेवा लिने घरधुरी परिवार संख्या | शारदा नगरपालिका भित्रका सबै नागरिकले सेवा लिने गरेको छन । | सबै स्वास्थ्य संस्थाबाट सेवा प्रदान गरिएको । | नगर भित्रका सबै नागरिक आवश्यकता अनुसार सेवा लिने गरेको । |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | आधारभ"ततहमा सम्पुर्ण विद्यालयमा बालबालिका पुग्ने गरेको छन | सवै वडाहरुमा विद्यालयको निरन्तरता | बालबालिकाहरुको विद्यालय सम्म सहज पहुँच |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ६१% | • विद्यालयहरुमा भर्ना अभियान ।<br>• कक्षा कोठा बालमैत्री बसाइ व्यवस्थापन ।<br>• शिक्षक क्षमता विकास तालिम । | • भर्ना उमेर अनुसार सवै बालबालिकाहरु पूर्व प्राथमिक कक्षामा भर्ना भएको ।<br>• बालबालिकाहरु पूर्व प्राथमिक कक्षाबाट कक्षा १ मा जान तयारी अवस्था पुरा भएको । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो समूहका बालबालिका संख्या उमेर प्रतिशत | ०% | • विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयहरुमा ल्याउन भर्ना अभियान सञ्चालन र समुदायमा अभिभावक शिक्षा कक्षा सञ्चालन | • भर्ना उमेर अनुसार सवै बालबालिकाहरु पूर्व प्राथमिक कक्षामा भर्ना भएको । |
| कक्षा १ मा खुद भर्नादरछात्र/छात्रा | ९७.६% | • विद्यालयहरुमा शिक्षक,वि.व्य.स. सरोकारवाला सवैको सहयोग ।<br>• कक्षा कोठा बालमैत्री बसाइ व्यवस्थापन ।<br>• शिक्षक क्षमता विकास तालिम ।<br>• पठन संस्कृतिको लागि पढाइ मेला कार्यक्रम । | • बालबालिकाहरुको पठन सीपमा सुधार ।<br>• विद्यालयहरुमा शैक्षिक गुणस्तरमा वृद्धि । |

| | | | |
|---|---|---|---|
| | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने<br><br>कक्षा उत्तीर्ण हुने दर | कक्षा छोड्ने दर २.०७%<br><br>कक्षा उतिर्ण दर ९३.८१% | • विद्यालयहरुमा शिक्षण सिकाइमा नविनतम प्रयास ।<br>• कक्षा कोठामा शिक्षणमा अतिरिक्त शैक्षिक सामाग्रीको प्रयोग ।<br>• बालपुस्तकालयको प्रयोग र व्यवस्थापन ।<br>• मासिक रुपमा नियमित प्रधानाध्यापक बैठक ।<br>• विज्ञ समूहगठन तथा परिचालन । | • बालबालिकाहरुको विद्यालय उपस्थिति दरमा वृद्धि ।<br>• बालबालिकाहरुको सिकाइमा सुधार ।<br>• बालबालिकाहरुको कक्षा छोड्ने दरमा कमी |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | १३० जना | • हरेक वर्ष शिक्षकहरुको क्षमता विकासका तलिमहरु सञ्चालन । | • कक्षा शिक्षणमा शिक्षकहरुको क्षमता विकास भएको ।<br>• विद्यालयमा शिक्षण सिकाइ संगै शैक्षिक गुणस्तर सुधार । |
| प्रति कक्षाकोठा विद्यार्थी संख्या | १:२२ | • विद्यार्थी संख्या वृद्धि गर्न हरेक शैक्षिक सत्रमा विद्यार्थी भर्ना अभियान | • बालबालिकाहरु विद्यालयहरुमा नियमित उपस्थिति ।<br>• कक्षा शिक्षणमा शिक्षकहरुको नविनत शिक्षण विधिको प्रयोग र कार्यान्वयन । |
| वाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ६ वटा | • सामाजिक विकास कार्यालय बाट मर्मत तथा निर्मित ।<br>• विद्यालय तथा स्थानीय तहबाट स्रोतहरु खोजि भइरहेको । | • विद्यालयमा बालबालिकाहरुको पठन क्रियाकलापहरुमा सहजता ।<br>• बालबालिकाहरुको सिकाइमा सुधार । |
| नगरपालिकाबाट निर्मित विद्यालय कोठा संख्या | २ वटा | • नगरपालिकाको प्रयाप्त स्रोतका आधारमा मर्मत तथा निर्मित कार्यको प्रयास | • विद्यालयमा बालबालिकाहरुको पठन क्रियाकलापहरुमा सहजता<br>• बालबालिकाहरुको सिकाइमा सुधार । |

| | | | |
|---|---|---|---|
| दलित बालबालिकाको शिक्षामा पहुँच | उमेर अनुसार सवैको सहभागिता | • बालबालिकाहरुलाई शिक्षामा पहुँचको लागि अभिभावक बैठक, भर्ना अभियान, लक्षित छात्रवृति सहयोग । | • शिक्षणमा बालबालिकाहरुको सक्रिय सहभागिता ।<br>• विद्यालयहरुमा नियमित उपस्थिति<br>• सिकाइमा सुधार । |
| **बालबालिका महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | २२२ | बाल बिबाह अन्त्यका लागि रणानीतिक योजना निमार्ण, सचेतनामूलक कार्यक्रम संचालन । | क्रमस: २८२अघिल्लो आर्थिक बर्षमा २५३ थियो भने यो आर्थिक बर्षमा घट्दो क्रममा रहेको छ । |
| सामाजिक बिकृति, विसंगति | छैन | हाल नगरपालिका भित्र सामाजिक विकृति नभएको । | सचेतनामूलक कार्यक्रम संचालन गरिएको । |
| सामाजिक जेष्ठनागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | २०८०/०८१ मा अपांगता भएका व्यक्तिहरु २७७ यस आर्थिक बर्षमा थपिएका ४२ जना यस आर्थिक बर्ष सम्ममा । | अपांगता भएका व्यक्तिको पहिचान तथा परिचय पत्र वितरण गरिएको । | पहिचानका आधारमा सेवा सुविधा विभिन्न निकायबाट प्राप्त गर्न सहज भएको । |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | नगरपालिकाको सम्पर्क र सूचनामा नआएको | बाल श्रमको लागि पालिकामा छुट्टै अभियानहरु संचालन नगरिएको । | बालश्रम मुक्त पालिका घोषणा नभएको । |
| बाल क्लवहरूको अवस्था | सबै ११ वटा बाल क्लब रहेका छन | अभिमुखीकरण कार्यक्रम | सबै माध्यामिक विद्यालयमा बाल क्लब गठन भएर कार्यक्रम संचालन गरिरहेका |
| महिला हिंसा | महिला हिंसाका घटना महिला | महिला हिंसा न्यूनीकरणका | अभियानहरु संचालन तथा |

| | | | |
|---|---|---|---|
| | बालबालिका शाखामा नभएको | कार्यक्रम संचालन गरिरहेको । | हिंसा न्यूनीकरण भैरहेका । |
| रोजगारीको अवस्था | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार शाखाबाट ११५ जनाले,मुख्यमन्त्री अर्न्तगत १८३ जनाले | स्वरोजगारका कार्यक्रम संचालन गरिएको । | सीप प्राप्त र स्वरोजगार प्राप्त गरको छन । |
| सामाजिक परिचालन | सामाजिक परिचालनका आवश्यकता अनुसार कार्यहरु गरिएको । | सामाजिक परिचालनका कार्यहरु आवश्यकता अनुसार संघ संस्थाहरु मार्फत गर्ने गरिएको । | मनोसामाजिक परामर्श लगाएतका सेवा प्राप्त गरेको । |
| वातावरण सुधारका प्रयासहरु | बातावरण सुधारका कार्यक्रम संचालन गरिएको । | बजार एरियामा सरसफाई, फुलहरु रोप्ने तथा संरक्षणका कार्यहरु संचालन गरिएको । | बजार सुन्दर तथा सफा देखिएको । |
| **सेवामा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | स्थानीय बजार पुग्न २ घण्टा भन्दा कम रहेको छ । | सबै ठाउँमा यातायातको सुविधा, नगरपालिकाले ग्रामीणक्षेत्रसम्म बाटो व्यवस्थापन गरेको । | सबै ठाउँमा यातायातको सुविधा भएको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | पालिकामा रहेको कृषि सेवा केन्द्र सम्म पुग्नका लागि आधा घण्टा समय लाग्ने । | पालिकाको कृषि शाखा मार्फत परामर्श तथा सेवा प्रदान, वडा तहबाट पनि सेवा प्रवाह । | नागरिकले वडा तहबाटै सेवा प्राप्त गरेको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा | सीप विकासका तालिम तथा | सीप विकास तालिम प्रदान, स्वास्थ्य परिक्षण, सामाजिक | वडा र घरदैलोमै सेवा |

| | | | |
|---|---|---|---|
| सीमान्तकृत वर्गको संख्या निजले पाएको सेवा तथा दिइएको विशेष अवसरहरु | अन्यसेवा सुविधा । | सुरक्षा प्रदान गरिएको । | सुविधा प्राप्त गरेको । |
| **संस्थागत क्षमता** | | | |
| जनाशक्ति | शारदा नगरपालिका सल्यानले स्थायी बाहेक सेवा प्रवाहको सहजताको लागि थप १३६ जना करारका कर्मचारीको व्यवस्था गरेको छ | कर्मचारीको लागि तालिमहरु प्रदान | सेवा प्रबाहमा सहजता भएको |
| भौतिक व्यवस्था | शारदा नगरपालिका सल्यानको आफ्नै भवनबाट सेवा प्रवाह गरिए तापनि संरचना निमार्ण भैइ नसकेको कारण केहि शाखाहरु भाडामा संचालन गरिएको | केहि संरचना निमार्णका लागि काम भैरहेको | नगरपालिकाको आफ्नै भवन भौतिक संरचना निमार्ण भएको र वडा कार्यालयको पनि निमार्ण भएको केहि निमार्णको चरणमा रहेको |
| समन्वय र सहकार्यका प्रयासहरु | शारदा नगरपालिका सल्यानले अन्य साझेदारहरुसँग राम्रो समन्वय र साझेदारको रुपमा कार्यहरु गरिरहेको छ । | बैठकहरु गर्ने गरिएकोबजेट साझेदारीमा कार्य संचालन गरिएको । | विकास निमार्ण तथा अन्य सामाजिक क्षेत्रमा कार्य गर्नका लागि सहज भएको । |

## १९ गत बर्ष भोगेका समस्या तथा चुनौतीहरू

- नागरिकका धेरै आवश्कता र चाहनालाई सम्बोधन गर्नुपर्ने तर स्रोतमा सीमितता भएको कारण चुनौती रहेको छ ।
- कार्यालय तथा वडाहरुमा दरबन्दी अनुसार कर्मचारीको स्थायी पदपूर्ति गरी सेवा प्रवाह गर्न नसक्नु
- शिक्षा क्षेत्रको बजेटको ठूलो हिस्सा नगरपालिका अनुदानका शिक्षकको तलबमा खर्च हुनु र विद्यालयको भौतिक संरचना सुधार गर्नु
- समसामयिक रुपमा विद्यालय समायोजन गर्दै जानु र आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि हालसम्म दरबन्दी स्वीकृत हुन नसक्नु ।
- लक्षित वर्ग, जेष्ठ नागरिक, असहाय वालबालिका, एकल महिला, सडक मानव, अपाङ्गता भएका व्यक्ति तथा द्वन्द पीडितकाको विकास र व्यवस्थापनका लागि बजेको अप्रयाप्तता रहनु ।
- नगरपालिकाभित्र रहेका सामुदायिक वनहरुलाई नगरपालिकाको विकास र सम्वृद्धिको लागि सहयोगी बनाउनु ।
- विपद्, राहत र पुर्नस्थापना खर्च वर्षेनी बढ्दै जानु र नगरपालिकाको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्न ।

## २० सुधारका लागि चालनु पर्ने सुझावहरू

- ❖ शारदा नगरपालिका सदरमुकाको नगरपालिका भएको र उक्त नगरपालिका भित्र जिल्लाको ठूलो व्यापारिक केन्द्र भएको ठाउँमा सबै व्यवसाय नगरपालिकाको दर्ता प्रक्रियामा बार्षिक प्रतिवेदन अनुसार कम मात्रामा दर्ता तथा नवीकरणमा देखिएको हुँदा व्यवसाय दर्ता तथा नवीकरणलाई बढवा दिनु पर्ने ।
- ❖ स्वास्थ्य क्षेत्रमा मनोपरामर्श सेवा लिन आउने पुरुषको तुलनामा महिलाहरु बढी भएको स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गर्दा छलफलमा आएको हुदा मनोसामाजिक परामर्शका कार्यक्रमहरु तुलनात्मक रुपमा पुरुष भन्दा महिला लक्षित कार्यक्रम संचालन गर्नु पर्ने ।
- ❖ शारदा नगरपालिका सल्यानको बार्षिक प्रतिवेदनमा हेर्दा शारदा नगरपालिकामा कार्यक्षेत्र भएका सहकारीहरुको नियमन अनुगमन लाई प्रभावकारी बनाउनु पर्ने ।
- ❖ शारदा नगरपालिकामा गत आर्थिक बर्षको बार्षिक प्रतिवेदन पूर्वाधार विकास शाखा ४.१ योजना ईकाइका अनुसार आयोजना तथा कार्यक्रम संचालन प्रक्रिया ठेक्का मार्फत १५, कोटेशन मार्फत परार्शम सहित ६०, कार्य- आदेश मार्फत १०४ र उपभोक्ता समिति मार्फत १३५ वटा सम्पन्न भएको र आगामी आर्थिक बर्षमा सम्पन्नभएको हुदा आगामी बर्षहरुमा आयोजनाहरु ठेक्का प्रणालीमा बढवा दिनुपर्ने ।
- ❖ वडाबाट बिनियोजन भएका योजनाहरु साना, साना, रकममा बिनियोजन भएको हुँदा रणनीतिक रुपमा विनियोजन तथा सम्पन्न गर्दा राम्रो देखिने छ ।
- ❖ केहि वडा तहमा सचेतनामूलक कार्यक्रम एकदम न्यून भएको र केहिमा नभएको कारण पालिकाले संचालन गर्ने सामाजिक सचेतना, दिवश, अभियानहरुलाई प्रभावकारी रुपमा निरन्तर रुपमा वडा तहसम्म बढवा दिनु पर्ने ।
- ❖ वडा तहमा सीप विकास तालिमको माग गरिरहेको र माग र आवश्यक्ताको आधारमा सीप विकास तालिमको संचालन, अनुगमन र दिगोपना दिनु पर्ने देखिन्छ ।
- ❖ शारदा नगरपालिका वडा कार्यालयमा सचिवहरुले १ जनाले २ वटा सम्म वडाको सेवा प्रदान गर्नु पर्ने भएकोहुँदा सेवाग्राहीलाई सहज रुपमा समयमै सेवा प्रदान गर्नु पर्ने ।
- ❖ शारदा नगरपालिका वडा नं ६ मा रहेको आधारभूत स्वास्थ्य सस्थाको हाल सेवा प्रदान गरिरहेको भवन चुईहिने र असुरक्षित भएको कारण अर्को ठाउँमा निमार्ण भएको भवनबाट यथाशीघ्र सेवा दिनु पर्ने ।

❖ स्वास्थ्य चौकीबाट प्रदान गर्दै आईरहेको उच्च रक्तचापको औषधी विरामीहरुले प्रयाप्त मात्रामा पाउन नसकेको गुनासो रहेको हुँदा सम्बन्धीत निकाय तथा नगरपालिकाले पहल लिनु पर्ने ।

## २१ सामाजिक परीक्षणका स्रोत तथा सन्दर्भ सामाग्रीहरू

**(१)स्थानीय सरकार संचालन ऐन, २०७४**
**(२)शारदा नगरपालिका सल्यानको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि -२०८१**
**(३) शारदा नगरपालिका प्रथम आवधिक नगर विकास योजना, २०७९-८४**
**(४) शारदा नगरपालिका सल्यानको मध्यकालीन खर्च संरचना**
**(५) शारदा नगरपालिका सल्यानको नीति तथा कार्यक्रम, २०८०/०८१**
**(६)शारदा नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन, २०८१**
**(७)महालेखा लेखापरीक्षक प्रतिवेदन, ०८०/०८१**
**(८)सामाजिक परीक्षण कार्यविधि- २०६७**
**(९)शारदा नगरपालिकाको पार्श्वचित्र**
**(१०)शाखा प्रमुखहरूसँगको अन्तरवार्ता**
**(११)वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू,स्वास्थ्य संस्थाका प्रमुख, सरोकारवाला सेवाग्राहीहरूसँगको अन्तरवार्ता तथा समह छलफल**